# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १३९ | काठमाडौं | शनिबार, २३ भदौ २०८० | Prabhab National Daily | Saturday, September 9, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


### कोशीको हट सिटः थापा ६३ दिन टिके

# अब कार्कीको ३० दिने 'काउन्टडाउन' शुरू

■ **जेबी योञ्जन**

- गत वर्षको २४ पुसपछि हालसम्म कोशी प्रदेशमा चौँथोपटक सरकार गठन
- आगामी ३० दिनमा दोस्रोपटक मुख्यमन्त्री नियुक्त कार्कीले विश्वासको मत लिनुपर्ने
- विश्वासको मत नपाए धारा १६८ (५) अनुसार अर्को सरकार

**काठमाडौं–** कोशी प्रदेशका मुख्यमन्त्रीका रुपमा दोस्रोपटक हिक्मत कार्कीले शपथ लिएका छन् । शुक्रबार साँझ प्रदेश प्रमुख पर्शुराम खापुङबाट उनले पद तथा गोपनियताको शपथ लिएका हुन् ।

सर्वोच्च अदालतको परमादेशअनुसार प्रदेश प्रमुख खापुङले प्रदेशसभाको सबभन्दा ठूलो दलको नेता कार्कीलाई संविधानको धारा १६८ (३) अनुसार मुख्यमन्त्री नियुक्त गरेका हुन् । कार्कीले शुक्रबार नै सानो आकारको मन्त्रिपरिषद् पनि बनाएका छन् । एमालेबाट तिलकुमार मेन्याङ्वो उर्जा, पाँचकर्ण राई वन र एकराज कार्की भौतिक पूर्वाधार मन्त्री बनेका छन् । त्यसैगरी सिर्जना राई सामाजिक विकास राज्यमन्त्री नियुक्त भएकी छिन् ।

नौ महिनामा चौथोपटक गठन भएको सरकारले संविधानको धारा १६८ (४) अनुसार ३० दिनभित्र विश्वासको मत लिइसक्नुपर्छ । कांग्रेसबाट दुईपटक मुख्यमन्त्री बनेका उद्धव थापा ६३ दिन सरकारमा टिकेका थिए । तर दुबैपटक संविधानविपरीत प्रक्रिया अपनाएको भन्दै अदालतको आदेशबाट उनी पदमुक्त बने ।

यसअघि नेकपा एमाले भने परमादेशविरोधी दलका रुपमा चिनिए पनि यसपटक उसैमाथि यो 'टचाग' लागेको छ । यसअघि २९ असार २०७८ मा सर्वोच्च अदालतको परमादेशअनुसार वर्तमान सत्ता गठबन्धनमै रहेको कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठबन्धनको सरकार गठन हुँदा एमालेले विरोध गरेको थियो । देउवा नेतृत्वको सरकारलाई 'परमादेशी सरकार' भनिन्थ्यो ।

तर, सोही दलले परमादेशकै जगमा पूर्वमुख्यमन्त्री कार्कीको नेतृत्वमा शुक्रबार सरकार गठन गरेको हो ।

(बाँकी पृष्ठ २ मा)

# देश दौडाहामा निस्कँदै शेखर



- जनतामा जारी नैरश्यता थप बुझ्न आफू सुशासनको मुद्दा लिएर देश दौडाहामा जान लागेको शेखरको भनाइ
- प्रधानमन्त्री पुष्पकमल दाहालको कारण देश अराजकतातर्फ बढेको आरोप
- तत्काल संसदीय दलको नेताबाट देउवालाई हटाउन नसक्ने निष्कर्ष

**काठमाडौं–** नेपाली कांग्रेसका नेता डा शेखर कोइराला सुशासनको मुद्दा लिएर देशदौडाहामा निस्कने भएका छन् । शुक्रबार एक अनौपचारिक कार्यक्रममा कोइरालाले आफ्नो अभियानबारे बताएका हुन् । 'देशमा सुशासन खड्कियो, त्यसैले देशभर यही मुद्दा लिएर अभियानमा निस्कने तयारी गरेको छु,' डा कोइरालाले भने ।

कोइराला कांग्रेसमा संस्थापनइतरका नेतृत्व गर्दै आएका छन् । आफू देश दौडाहामा निस्कने भए पनि मिति भने शेखरले उल्लेख गरेनन् । शेखरको साथमा डा गोविन्दराज पोखरेल र विश्लेषक पुरञ्जन आचार्य उपस्थित थिए ।

जनतामा जारी नैरश्यता थप बुझ्न आफू सुशासनको मुद्दा लिएर देश दौडाहामा जान लागेको उनको भनाई थियो ।

**देश अराजकतातर्फ**

कोइरालाले तिहारपछि देश धार्मिक द्वन्द्वतर्फ धकेलिन सक्ने चिन्ता व्यक्त गरेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहालको कारण देश अराजकतातर्फ बढेको उनको आरोप रह्यो ।

'राजनीतिक आर्थिक सामाजिक आर्थिक कतै केही पनि ठीक छैन । सबै अराजकता तर्फ जान थाल्यो । अब कुटनीति पनि अराजकतातर्फ जान थाल्यो,' कोइरालाले भने, 'कोशी प्रदेश नामकरणबाटै विवादमा छ । जातीय राज्यको कुरा प्रचण्डले बोलेका छन् । पार्टी अध्यक्ष भएर बोलेको भए केही थिएन तर देशको प्रधानमन्त्रीले आदिवासी जनजाति दिवसको दिन बोलेपछि परिस्थिति अर्कै भएको छ ।'

(बाँकी पृष्ठ २ मा)

### एपीजी प्रतिवेदन

# 'ग्रे लिस्ट'मा पर्नबाट तत्कालका लागि जोगियो नेपाल

■ **प्रभाव संवाददाता**




भ्रष्टाचार, तस्करी, कर छली र मानव बेचबिखनलगायत अपराध मौलाएकाले नेपाल ग्रे लिस्टको जोखिममा

सम्पत्ति शुद्धीकरणसम्बन्धी नियमन गर्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)ले नेपाललाई पटक–पटक सतर्क गराउँदै आए पनि नेपालले टेरपुच्छर लगाएको छैन

गत मंसिर १९ देखि पुस १ गतेसम्म एफएटीएफको टोलीले नेपाल भ्रमण गरेको थियो

**काठमाडौं–** सम्पत्ति शुद्धीकरणमा 'ग्रे लिस्ट'मा पर्नबाट नेपाल तत्कालका लागि जोगिएको छ । सम्पत्ति शुद्धीकरण सम्बन्धी ऐन नबन्दा यससम्बन्धी नियमन गर्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)ले नेपाललाई पटक-पटक सतर्क गराउँदै आए पनि नेपालले भने टेरेको छैन ।

यससम्बन्धी कानुन बनाउने प्रतिबद्धतापछि नेपाललाई एसिया प्यासिफिक ग्रुप (एपीजी)ले एक वर्षको समय दिएको हो । नेपालबारे एफएटीएफलाई रिपोर्ट बुझाउने संस्था हो - एपीजी । एसिया प्रशान्तबाट सुझाव दिने संस्था एपीजीको सम्मेलन क्यानडाको भ्यान्क्युभर असार २४ देखि २९ गतेसम्म चलेको थियो । उक्त सम्मेलनमा नेपालबाट गभर्नर महाप्रसाद अधिकारीको नेतृत्वमा ३० जनाको टोली सहभागी भएको थियो ।

टोलीमा बैंक सुपरिवेक्षण विभाग प्रमुख देवकुमार ढकाल, वित्तीय अनुसन्धान इकाइका प्रमुख दीर्घबहादुर रावल, प्रधानमन्त्रीको कार्यालयका सचिव उदयराज सापकोटा, सहसचिव, कानुन मन्त्रालयका सचिव धनराज ज्ञवाली, अर्थ मन्त्रालयका सहसचिव, महान्यायाधिवक्ता कार्यालयका उपमहान्यायाधिवक्ता, केन्द्रीय अनुसन्धान विभागका प्रतिनिधि, सम्पत्ति शुद्धीकरण विभागका प्रतिनिधि, फैसला कार्यान्वयन इकाइका प्रतिनिधि थिए । त्यतिबेला प्रधानमन्त्री कार्यालयमा रहेका उदयराज अहिले कानुन मन्त्रालयमा सरुवा भएका छन् ।

क्यानडामा बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल, धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमाल, कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठ, नेपाल प्रहरीसहित परराष्ट्र मन्त्रालयका प्रतिनिधि पनि सहभागी थिए । सम्मेलनका सहभागीहरुले यसअघि नै नेपाल ग्रे लिस्टमा पर्नबाट एक वर्षका लागि जोगिएको खुलासा गरेका थिए । तर कानुनमन्त्री धनराज गुरुङले यो खबर झुटो भएको बताउँदै आएका थिए । सरकारी अधिकारीहरुले क्यानडामा चाँडै ऐन बन्ने प्रतिबद्धता दिएर आएकाले एक वर्षका लागि नेपाल ग्रे लिस्टमा पर्नबाट जोगिएको बताइएको छ । गत मंसिर १९ देखि पुस १ गतेसम्म एफएटीएफको टोलीले नेपाल भ्रमण गरेको थियो । नेपाललाई 'ग्रे एरिया' मा नपारियोस् भन्दै गभर्नरसहितको टोली गत असारमा क्यानडामा एफएटीएफको मूल्यांकन समूहसँग छलफलमा सहभागी गएको थियो ।

'सम्पत्ति शुद्धीकरण(मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९' अहिले कानुन, न्याय तथा मानव अधिकार समितिमा दफावार छलफलमा छ । यसअघिका कानुनमन्त्री ध्रुवबहादुर प्रधानले यो विधेयक प्रतिनिधि सभामा टेबल गरेका थिए । गत फागुन ३ गते सदनमा पेस भएको उक्त विधेयक अहिले समितिमा छलफलको क्रममा छ ।

(बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# कोरियामा फराकिलो पारिँदै रोजगारीका क्षेत्र

■ **मोहन प्रसाद पन्त**

**काठमाडौं–** दक्षिण कोरियाले स्थानीय श्रम बजारमा जनशक्ति अभाव हुँदै गएपछि विदेशी श्रमिकलाई अवसर दिने गरी कार्यक्षेत्र फराकिलो पार्ने नीति लिएको छ । सेवा तथा उत्पादन क्षेत्रका विभिन्न उपक्षेत्रमा विदेशी श्रमिकलाई रोजगारीको अवसर नदिने कोरियाको कानुनी व्यवस्था भएपनि स्थानीय रुपमा स्वदेशी श्रमिकको अभाव हुन थालेपनि रोजगार अनुमति प्रणाली (ईपीएस)मार्फत गएका श्रमिकको लागि काम गर्ने क्षेत्र फराकिलो पार्ने नीति लिइएको हो ।

कोरिया सरकारको लचिलो नीतिकै कारण अहिले विभिन्न क्षेत्रमध्ये कुरियर सेवामा ई-९ भिसा भएकाले काम गर्न पाउने व्यवस्था गरिएको छ । कोरियामा गत शुक्रबार बसेको विदेशी श्रमिक नीति समितिको बैठकले ईपीएसमार्फत श्रम बजारमा काम गरिरहेका विदेशी श्रमिकलाई रोजगारीमा राख्न पाउने अनुमति प्रदान गरेको हो । कुरियर सेवामा श्रमिक अभाव हुन नदिन स्थानीय रोजगारदातालाई छिटोछरितो रुपमा श्रमिक माग गर्न त्यहाँको सरकारले आग्रहसमेत गरेको छ ।

त्यहाँको सञ्चारमाध्यम 'द कोरिया टाइम्स'ले उल्लेख गरेअनुसार कोरियाकी नीति समन्वय मन्त्री बान की सुनले विदेशी श्रमिक राख्ने कुरियर सेवा प्रदायक कम्पनीलाई विदेशी श्रमिक मागसहितको आवेदन दिन अनुमति दिएको बताइएको छ । कुरियर सेवा प्रदायक कम्पनीमा कति नेपालीले अवसर पाउने हुन् त्यसबारे खुलाइएको छैन । यद्यपि कुरियर सेवा क्षेत्रमा नेपालीले उल्लेख्य अवसर पाउने अपेक्षा गरिएको छ । यसअघि एच-२ भिसा भएका कोरियन मूलका विदेशी श्रमिक तथा विद्यार्थी भिसा भएका विदेशीलाई मात्र कुरियर सेवामा काम गर्ने अनुमति रहेको उक्त सञ्चारमाध्यमले जनाएको छ । कोभिड-१९ पछि निरन्तर कामदार अभाव भएसँगै यस क्षेत्रमा ईपीएसमार्फत ई-९ भिसा भएकालाई पनि काम गर्ने अनुमति दिएको बताइएको छ ।

> कुरियर सेवामा श्रमिक अभाव हुन नदिन स्थानीय रोजगारदातालाई छिटोछरितो रूपमा श्रमिक माग गर्न त्यहाँको सरकारले आग्रहसमेत गरेको छ ।

त्यसैगरी ठूला रोजगारदाता (३०० भन्दा बढी कामदार भएका)लाई पनि ई-९ भिसाको सुविधा दिइएको सञ्चारमाध्यममा जनाइएको छ । यसअघि तीन सयभन्दा कम श्रमिक भएका साना तथा मझौला उद्योगले मात्र ईपीएस अन्तर्गत ई-९ भिसा वाहक विदेशी श्रमिक राख्न पाउने कानुनी व्यवस्था रहेको उल्लेख गरेको छ ।

हाल नेपालबाट कोरियामा कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रमा इपिएसमार्फत नेपालीहरु रोजगारीको लागि गइरहेका छन् । कोरियाले श्रम बजारको दायरा फराकिलो पार्ने नीति लिएसँगै तोकिएका विभिन्न क्षेत्रमा अन्य मुलुकको तुलनामा नेपाली युवाले उल्लेख्य रुपमा रोजगारी पाउने अपेक्षा गरिएको छ । पछिल्लो पटक सिप बिल्डिङ (पानीजहाज निर्माण)मा पनि इपीएसमार्फत नेपालीहरुलाई रोजगारीका लागि कोरिया लैजाने तयारी भइरहेको छ । जसमा वैदेशिक रोजगार विभागअन्तर्गत इपिएस कोरिया शाखाले दक्षिण कोरियामा पानीजहाज कम्पनी अर्थात् 'सिप बिल्डिङ' मा जान आवेदन दिएकाहरूको भाषा परीक्षा आगामी असोज १ गतेदेखि गरिने जनाएको छ ।

# अस्ट्रेलिया पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीको लागि अस्ट्रेलिया पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक जना महिलालाई पक्राउ गरेको छ । अस्ट्रेलियामा आकर्षक तलबसहितको रोजगारी लगाईदिने भन्दै पीडितसँग रकम संकलन गरी फरार रहेको आरोपमा रत्न केशरी श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको हो ।

भक्तपुरको मध्यपुर थिमी नगरपालिका ४ स्थायी घर भई हाल काठमाडौं सामाखुसी बस्ने ५० बर्षीया श्रेष्ठले आशामाया लामालाई रोजगारीको लागि अस्ट्रेलिया पठाइदिने भन्दै पटक पटक गरी ९ लाख रुपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ । अस्ट्रेलियाको एक प्रतिष्ठित होटलमा मासिक ३ लाख रुपैयाँभन्दा बढी तलब हुने गरी काम लागाइदिने प्रलोभनमा पारी रकम लिएर फरार रहेको अवस्थामा श्रेष्ठलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । अस्ट्रेलिया जान २० लाख रुपैयाँ लाग्ने बताइए पनि नौ लाख रुपैयाँमात्रै लिएर फरार रहेको पीडितको उजुरीको अधारमा श्रेष्ठलाई खोजतालासका क्रममा सामाखुसीबाट पक्राउ गरिएको हो ।

उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको बताइएको छ । पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेकी उनलाई थप अनुसन्धान तथा कारबाहीको लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।


जनहितमा जारी सन्देश

## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।



- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।



- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।



- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।



- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।



- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।



- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।



**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# संविधान बीपी विचारकै सार : राष्ट्रपति पौडेल



**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको वर्तमान संविधान बीपी विचारकै सार भएको बताएका छन् । बीपी कोइराला स्मृति ट्रस्टले कोइरालाको ११० औं जन्मजयन्तीका उपलक्ष्यमा शुक्रबार राष्ट्रपति भवन शीतलनीवासमा आयोजना गरेको बीपी साहित्य तथा स्वतन्त्रता सेनानी सम्मान कार्यक्रममा पौडेलले उक्त धारणा व्यक्त गरेका हुन् ।

राष्ट्रपति पौडेलले अहिलेको संविधानले गरेको समावेशी व्यवस्थासहितका लोकतान्त्रिक मूल्य मान्यता बीपीले चाहेको समावेशी समाजको अवधारणाको सार भएको धारणा व्यक्त गरे । उनले बीपीको विचारलाई अन्यथा व्याख्या नगर्न पनि आग्रह गरे । 'राष्ट्रिय एकता र मेलमिलापबाटै मुलुकसामु देखापर्ने समस्याको समाधान खोज्नुपर्छ भन्ने उनको धारणालाई समय र परिस्थितिसापेक्ष बनाउँदै त्यसैलाई अनुकरण गरेर आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रको उपलब्धि हासिल गर्न सफल भएका छौं', पौडेलले भने, 'संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन र यसैका माध्यमबाट मुलुकसामु देखा पर्ने यावत समस्या समाधान गरी जनताले अपेक्षा गरेअनुरूप आर्थिक रुपमा समृद्ध नयाँ नेपाल निर्माण गर्न बीपीले अघि सार्नुभएको कल्याणकारी राज्य प्रणालीको अवधारणा सिद्धान्त, मूल्य, मान्यता र आदर्श आज पनि उत्तिकै सान्दर्भिक छन् ।'

राष्ट्रपति पौडेलले विश्वमा सर्वोत्कृष्ट मानिएको उत्पादनमा वृद्धि, प्राथमिकता निर्धारणसहितको न्यायोचित वितरणमा आधारित लोकतान्त्रिक सिद्धान्तप्रतिको बीपीको विचार 'सबै नेपालीको आधारभूत आवश्यकता र सबै नेपाली परिवारको मध्यम वर्गीय हैसियत' भन्ने बीपीको धारणा समानताको सिद्धान्तलाई मुर्तरूप दिने व्यवहारिक र ठोस दृष्टिकोण स्पष्ट भएको बताउँदै अहिले पनि सो दृष्टिकोण पनि उत्तिकै सान्दर्भिक रहेको उल्लेख गरे । 'बीपीले देखाउनुभएको आदर्शमा हामी हिड्न सकेमात्र उहाँप्रति सच्चा श्रद्धाञ्जली हुन्छ भन्ने पनि म ठान्दछु', पौडेलले भने ।

'उहाँ राजनीति र साहित्यका एक अनुपम पुञ्ज हुनुहुन्थ्यो, राजनीतिको कुनै प्रभाव साहित्यमा पर्न नदिइकन आफू दुवै क्षेत्रमा उत्तिकै अब्बल देखिनसक्ने बीपीको जस्तो यस्तो गुण विश्वका विरलै व्यक्तिमा पाइन्छ,' राष्ट्रपति पौडेलले भने, 'त्यस्तो व्यक्तित्व पाउनु नेपालीका लागि गर्वको विषय हो ।'

राष्ट्रपति पौडेलले नेपालको इतिहासमा जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउन कठोर जेलनेल एवम् निर्वासनसहितको लामो संघर्षपूर्ण जीवन यात्रामा समर्पित कोइरालाको बहुआयामिक व्यक्तित्व राष्ट्रिय एवम् अन्तराष्ट्रिय जगतमा रहेको उनको भनाइ थियो ।

राष्ट्रपति पौडेलले नेपालको राजनीतिमा सदैव उच्चस्थानमा रहनुहुने बीपीमा रहेको साहित्यिक प्रतिभाले समेत उनको बहुआयामिक व्यक्तित्वलाई प्रष्टयाएको पनि बताए । राष्ट्रपति पौडेलले भने, 'स्वतन्त्रतालाई मानिसको अविच्छिन्न अधिकारका रुपमा स्थापित गरेर लोकतान्त्रिक शासन प्रणालीको माध्यमबाट मुलुकको आर्थिक र सामाजिक विकास गर्नुपर्छ भन्ने उहाँको मान्यता थियो ।'

कार्यक्रममा ट्रस्टका सदस्य एवं सांसद डा शशांक कोइरालाले धन्यवाद ज्ञापन गर्दै बीपीको लोकतन्त्रप्रतिको निष्ठा, विचार र दर्शनलाई अझै व्यापक बनाउनुपर्नेमा जोड दिए । ट्रस्टका महासचिव रामचन्द्र पोखरेलले बीपीको समग्र व्यक्तित्वको अध्ययन अनुसन्धानका लागि ट्रस्टले आफ्नै भवन निर्माण गरी अनुसन्धान केन्द्र बनाउन लागेको जानकारी गराए । कार्यक्रममा बीपी साहित्य सम्मानबाट जनकपुरका डा राजेन्द्र बिमल पुरस्कृत भए । उक्त पुरस्कारको राशि एक लाख एकहजार रुपैया र सम्मानपत्र रहेको छ ।

त्यस्तै बीपी प्रजातन्त्र सेनानी सम्मानबाट रुपन्देहीका ९२ वर्षीय डिल्लीरमण शर्मा न्यौपाने पुरस्कृत भए । उक्त पुरस्कारको राशि ५१ हजार नगद र सम्मानपत्र रहेको छ । सम्मानित व्यक्तित्व बिमलले बीपी सदैव स्वतन्त्रता र समानताका पक्षधर रहेको भन्दै लोकतान्त्रिक समाजवाद नै बीपीको राजनीतिको चेतनाको प्राण भएको बताए । कार्यक्रममा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्व उपप्रधानमन्त्री सुजाता कोइराला, सांसदहरु तथा विभिन्न क्षेत्रका उच्च पदस्थ व्यक्तिहरुको सहभागिता थियो ।

## देश दौडाहामा..

पृष्ठ १ बाट जारी

### अराजकतालाई प्रधानमन्त्रीको मलजल

धरानमा मच्चिएको अराजकतालाई प्रधानमन्त्रीले प्रोत्साहन गरिरहेको उनको टिप्पणी छ । 'धरानको मेयरले मन्दिर अघि चर्च बनाउने, सामाजिक सञ्जालमा गोरु काटेर खाएको विषय छ । पहिले पनि खान्थे तर यो हेर्दा धर्मको मात्र कुरा हैन भन्ने लाग्छ,' कोइरालाले भने, 'म विराटनगरमै थिएँ त्यो बेला । देख्दा धार्मिक लडाइँ जस्तो लाग्थ्यो । तर हैन रहेछ । धरान गएपछि क्रिस्चियन र धार्मिक गुरुहरू भेटें । प्रचण्डजीको अभिव्यक्तिले पनि फिल्कोको रुप लियो । विषय यहीं सीमित होलाजस्तो लाग्दैन ।'

सुरक्षा नियकाका अधिकारीहरू भेट्दा कुनै पनि बेला जातीय द्वन्द्व भड्किन सक्ने संकेत गरेको उनको भनाइ छ । 'सेक्युरिटीका साथीहरू भेट्दा कुरा गर्दा अर्कै खाले परिस्थिति छ । जातीय द्वन्द्व भड्किन सक्छ भन्नुहुन्छ,' कोइरालाले भने, 'त्यहाँ फन्ड पनि प्रशस्त छ । आर्म्स नै छ त म भन्दिनँ । तर त्यतातिर पनि जान सक्छ । गण्डकीमा पनि लखन थापावाला इस्यु रहेछ । त्यहाँ पनि टेन्स सिचुएसन छ ।'

### देशको अवस्था एकदम गम्भीर

देशको असस्था अहिले गम्भीर मोडमा पुगेको र सोचेको भन्दा पनि खराब अवस्था रहेको शेखरको भनाई रह्यो । 'प्रधानमन्त्री र अर्थमन्त्रीले अर्थतन्त्र उकालो लागेको लागेकै छ भन्नुहुन्छ । तर ओरालो लागेको लागेकै छ,' कोइरालाले भने, 'सटरहरु बन्द भएको भयै छ । लोकरिभ्याइँ गर्दा झन धेरै देशमा धेरै निराशा बढेको छ ।'

सरकारले यसको सम्बोधन गर्न नसके देश एकदम अप्ठ्यारो अवस्थामा पुग्ने शेखरको भनाइ थियो । 'देशलाई अराजकता तर्फ लगिरहेको छ । त्यसलाई कहाँसम्म लैजाने हो । दुई ठुला देशको बीचमा हामी छौ । मिलाएर लान नसके हामी एकदम अप्ठ्यारो अवस्थामा छौ,' कोइरालाले भने, 'विदेशी राजदूतले पनि लोकरिभ्याँईको कुरा बोल्न थाले, देश अराजकतामा गएको छ । मलाई त डर छ महेन्द्र यादवजीलाई जुन आक्रमण भयो हामीले क्विक रिलिफ दिन सकेनौ भने तिहारपछि फेरि अराजकता बढेर जान्छ जस्तो मलाई लाग्छ ।'

### देउवालाई हटाउन नसक्ने निष्कर्ष

महामन्त्री गगन थापा संसदीय दलको नेता फेर्ने दाउमा छन् । साउन ३ बाट सुरु भएको केन्द्रीय समितिअघि जसरी पनि संसदीय दलको नेता परिवर्तन गरेरै छाड्ने उद्घोष गरेका थिए गगनले । यद्यपि, केन्द्रीय समिति बैठकमा गगनको चर्को विरोध भयो । लगभग एक्लिएका गगन फेरि यस विषयमा बोल्न थालेका छन् ।

तर संसदीय दलको निर्वाचन यता शेखर र गगनको मेल देखिन्न । यी दुई जनालाई मिलाउन केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले आइतबारमात्र इटालीटारमा बैठक राखेका थिए । गगन, अर्का महामन्त्री विश्वप्रकाश शर्मा र प्रदीप पौडेललाई सँगै राखेर केसीले शेखरसँग मिल्न दबाब दिएको बताइएको छ । शेखरलाई भने उक्त बैठकमा निम्ता नदिएको खुलासा भएको छ । 'मलाई निम्तो थिएन,' डा शेखरले शुक्रबार भने ।

संसदीय दलको नेता जसरी पनि फेर्ने गगनको मुद्दामै छलफल केन्द्रित भएको एक नेताले बताए । 'आइतबार लामै छलफल भयो संसदीय दलको नेता फेर्ने विषयमै,' ती नेताले भने । यद्यपि अहिलेको अवस्थामा देउवालाई हटाएर संसदीय दलको नेता बन्ने प्रयास त्यति सजिलो भने नरहेको ती नेताले बताए । 'केन्द्रीय समिति होस् या संसदीय समिति, दुवैतिर देउवा बलिया छन्,' ती नेताले भने, 'राजनीति हो केही हुन्छ भन्ने आशा हो ।'

शेखरले पनि अहिलेको अवस्थामा संसदीय दलको नेता फेर्न सक्ने अवस्था छैन । 'एब्सुलुट मेजोरिटी छ देउवाजीसँग । त्यसैले संसदीय दलको नेता फेर्न सक्छ जस्तो मलाई लाग्दैन,' शेखरले भने ।

# गोकर्णेश्वरका मेयर दिपक रिसाललाई 'हेल्थ अवार्ड'




**काठमाडौं–** काठमाडौंस्थित गोकर्णेश्वर नगरपालिकाका मेयर दिपककुमार रिसाल स्वास्थ्य खबर हेल्थ अवार्डबाट सम्मानित भएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहालले शुक्रबार याक एन्ड यती होटलमा आयोजित कार्यक्रममा मेयर रिसाललाई उक्त अवार्ड प्रदान गरेका हुन् ।

गोकर्णेश्वरमा नसर्ने रोगहरूको न्यूनीकरण तथा नियन्त्रणका लागि उत्कृष्ट योगदान पुऱ्याएवापत रिसाललाई उक्त अवार्ड प्रदान गरिएको आयोजकले जनायो । अवार्ड वितरणको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्वमा गठन भएको छनोट समितिले देशका विभिन्न भागमा कार्यरत स्वास्थ्यकर्मी, जनस्वास्थ्यकर्मी, वकालतकर्ता, नीतिनिर्माता तथा स्वयंसेवीहरूको आवेदन, मनोनयन तथा सिफारिस आएको थियो । रिसाललाई उक्त छनोट समितिले नसर्ने रोगहरूको न्यूनीकरण तथा नियन्त्रण विधामा अवार्ड प्रदान गर्ने सर्वसम्मत निर्णय गरेको थियो ।

'नेपालमा बढ्दै गएको नसर्ने रोगको भारलाई कम गर्दै नागरिकलाई स्वस्थ राख्न समुदायस्तरमा पुगेर यहाँले निर्वाह गर्नुभएको योगदान र जनप्रतिनिधिका रुपमा समयको समेत पर्वाह नगरी अहोरात्र पुऱ्याउँदै आउनुभएको सेवाको उच्च मुल्यांकन गर्दै यो अवार्ड प्रदान गर्ने निर्णय गरिएको हो,' आयोजक संस्थाले भनेको छ ।


नेपाल सरकार
**खानेपानी मन्त्रालय**
खानेपानी तथा ढल व्यवस्थापन विभाग (DWSSM)
**एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
पानीपोखरी, काठमाडौं, नेपाल
**धनगढी उपमहानगरपालिका, वडा नं. ३ मा निर्माण तथा संचालन हुने नगरपालिकाको सतही ढल व्यवस्थापन योजनाको लागि प्रारम्भिक बातावरणीय परिक्षण तयारीको**
**सार्वजनिक सुनुवाईको सूचना**
(प्रकाशित मिति २०८०/०५/२३ गते)

सुदूरपश्चिम प्रदेश, कैलाली जिल्ला, धनगढी उपमहानगरपालिका , वडा नं. ३ मा एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, नेपालबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।


| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, फोन नं : ०१-४४१३७४४ ई-मेल : iwssmp@gmail.com |
| प्रस्तावको व्यहोरा | धनगढी उपमहानगरपालिका , वडा नं. ३ मा निर्माण तथा संचालन हुने एकीकृत खानेपानी तथा ढल व्यवस्थापन योजना अन्तर्गत नगरपालिकाको सतही ढल व्यवस्थापन योजना |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | कैलाली जिल्ला, धनगढी उपमहानगरपालिका , वडा नं. ३ |
| परामर्शदाताको नाम र ठेगाना | Building Design Authority P. Ltd. -SWS Consulting Engineering र SAP Water & Energy Developers ओशो भवन, कमलादी, काठमाडौं। फोन: ०१-४२२७३९३ ई-मेल : iwssmp.p2@gmail.com |

बातावरण संरक्षण ऐन २०७६, को दफा ३ को उपदफा ५ बमोजिम यस प्रस्तावको कार्यान्वयनको क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको जनप्रतिनिधि, स्थानीय, तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुसंग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्नलिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना हुने भएकोले उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय-सुझावहरु दिनु हुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

| | |
|---|---|
| स्थान | धनगढी उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, धनगढी, कैलाली |
| मिति: | २०८०/०५/२७ |
| समय: | बिहानको १०.३० बजे |


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

भदौ २३ गते २०८०, शनिबार

| | |
|---|---|
| **मेष** | व्यापार बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । |
| **वृष** | मिहिनेत गर्दा अभीष्ट पूरा हुन सक्छ । |
| **मिथुन** | आफ्नो काममा अरुले फादा उठाउन सक्छन । |
| **कर्कट** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।तथा |
| **सिंह** | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| **कन्या** | स्पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **तुला** | आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| **धनु** | काम बन्नुका साथै दिन लाभदायक हुनेछ । |
| **मकर** | खर्च लागेपनि दिगो काम गर्न सिकनेछ । |
| **कुम्भ** | मिहिनेत गर्दा अभीष्ट पूरा हुन सक्छ । |
| **मीन** | व्यापार बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ २३ गते, २०८०, ८ सेक्टेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.७२ | १३३.३२ |
| युरो | १ को | १४२.५३ | १४३.१७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.५८ | १६७.३३ |
| स्विस फ्रैन्क | १ को | १४९.१२ | १४९.७९ |
| अस्ट्रेलियन डलर | १ को | ८४.८७ | ८५.२५ |
| क्यानाडियन डलर | १ को | ९७.२९ | ९७.७३ |
| सिंगापुर डलर | १ को | ९७.४८ | ९७.९२ |
| जापानी येन | १० को | ९.०१ | ९.०५ |
| चिनियाँ युआन | १ को | १८.१७ | १८.२५ |
| साउदी अरब रियाल | १ को | ३५.३८ | ३५.५४ |
| कतारी रियाल | १ को | ३६.४० | ३६.५७ |
| थाई भाट | १ को | ३.७४ | ३.७६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१४ | ३६.३० |
| मलेसियन रिङ्गेट | १ को | २८.४० | २८.५२ |
| दक्षिण कोरियन वन | १०० को | ९.९७ | १०.०२ |
| स्विडिस क्रोनर | १ को | ११.९५ | १२.०१ |
| डेनिस क्रोनर | १ को | १९.११ | १९.२० |
| हङकङ डलर | १ को | १६.९२ | १७.०० |
| कुवेती दिनार | १ को | ४३०.२० | ४३२.१५ |
| बहराइन दिनार | १ को | ३५२.०५ | ३५३.६४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# उद्योग मन्त्रालयका लागि ३० अधिकृत दरबन्दी स्वीकृत

**काठमाडौं–** सरकारले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहत अधिकृतस्तरका ३० पदको अस्थायी दरबन्दी स्वीकृत गरेको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले परिषद्ले गरेका निर्णयबारे आज जानकारी दिँदै उद्योग मन्त्रालयको प्रस्तावलाई मन्त्रिपरिषद्ले स्वीकृत गरेको बताइन्।

त्यसैगरी जनवादी गणतन्त्र चीनको बेइजिङमा यही भदौ २६ देखि २९ सम्म आयोजना हुने नेपाल चीन संयुक्त व्यापार कार्यदलको दोस्रो बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीको संयोजकत्वमा पाँच सदसीय प्रतिनिधिमण्डल गठन गर्ने निर्णय भएको शर्माले जानकारी दिइन्।

त्यसैगरी सरकारले पञ्चेश्वर विकास प्राधिकरणमा नेपालको तर्फबाट २०८१ जेठ २८ सम्मका लागि प्रमुख कार्यकारी अधिकृत पदमा सहसचिव मधुप्रसाद भेटुवाल, कार्यकारी निर्देशक (प्रशासन) पदमा सहसचिव दीपक लामिछाने, कार्यकारी निर्देशक (वातावरण) पदमा सहसचिव रामगोपाल खर्बुजा र कार्यकारी निर्देशक (कानुन) पदमा सहसचिव इन्दिरा दाहाल भट्टराईलाई खटाउने निर्णय गरेको छ।

न्याय सेवा आयोगको सिफारिसमा सहसचिव फणिन्द्र गौतमलाई न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीमा

## मन्त्रिपरिषद्का निर्णय

बढुवा गरी सत्य विरुपण तथा मेलमिलाप आयोगको सचिव पदमा पदस्थापन गर्ने पनि सरकारको निर्णय छ। सरकारका प्रवक्तासमेत रहेकी मन्त्री शर्माले खानेपानी मन्त्रालयअन्तर्गत सञ्चालित आयोजनामा आर्थिक वर्ष २०८०/०८१ का लागि अधिकृतस्तरका दुई सय ३९ अस्थायी दरबन्दी स्वीकृत गर्ने र चीनको बेइजिङमा आगामी असोज ८ देखि ९ सम्म आयोजना हुने कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्री नन्दा चपाईंलाई सहभागी हुने जानकारी दिइन्।

मथिल्लो दरौंदी 'सि' साना जलविद्युत् आयोजनाको भौतिक पूर्वाधार निर्माण गर्न गोरखा जिल्लाको राष्ट्रिय वन क्षेत्रको ४ दशमलव ९२४ हेक्टर जग्गा २५ वर्षसम्म प्रयोग गर्न दिने तथा सो वन क्षेत्रमा रहेका रुख हटाउन स्वीकृति दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ। सरकारले तेजाव तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०८० स्वीकृति गर्ने, चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा प्राडा अञ्जनीकुमार झालाई नियुक्त गर्ने, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतको लागि कूल ३१ अधिकृतस्तरका अस्थायी दरबन्दी स्वीकृति गर्ने, सङ्घीय निजामति सेवाको गठन, सञ्चालन र सेवाको शर्तसम्बन्धी विधेयक, २०८० सङ्घीय संसद्मा विधेयक पेश गर्ने पनि निर्णय गरेको छ। त्यसैगरी स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८० पनि स्वीकृति दिने सरकारले निर्णय गरेको छ।

## अब कार्कीको...

पृष्ठ १ बाट जारी

निकै अस्थिर सरकार गठन भइरहने कोशीमा कार्की नेतृत्वको सरकारलाई अहिल्यैदेखि नै '३० दिने सरकार' भन्नसमेत थालिएको छ। यसो भन्नेमध्येमै पर्छन्- नेकपा माओवादी केन्द्र कोशी प्रदेश संसदीय दलका नेता इन्द्र आङ्बो। संविधानको धारा १६८ को उपधारा (४) अनुसार नवनियुक्त मुख्यमन्त्री कार्कीले विश्वासको मत नपाउने दाबीसहित उनले त्यसो भनेका हुन्।

'उहाँले यसअघि पनि संसद्मा आफ्नो विश्वास परीक्षण गर्नुभयो तर असफल हुनुभयो। विश्वासको मत पाउनुभएन। अहिले पनि राजनीतिक बदलाव भएको छैन', उनले प्रभावसँग भने, 'यस आधारमा उहाँको सरकार तीस दिने हो।' दोस्रोपटक मुख्यमन्त्री भएका कार्कीले पनि सर्वोच्चको आदेशलगत्तै कांग्रेससँग सत्ता सहकार्य गर्ने बताएका थिए। तर, यतिबेला भने प्रदेश सर्वदलीय सरकार गठनको बहस चलिरहेको छ।

मन्त्री नियुक्त हुनुअघि एमाले संसदीय दल कोशीकी सचेतक सिर्जना राईले प्रदेश संसद्मा रहेका दलहरू कांग्रेस, माओवादी केन्द्र, नेकपा एस र जसपासँग सर्वदलीय सरकार गठनबारे छिट्टै संवाद थालिने प्रतिक्रिया दिएकी थिइन्। उनका अनुसार एक वर्ष पनि नभई प्रदेशलाई मध्यावधि निर्वाचनको संकटबाट टार्न सर्वदलीय सरकार गठन आवश्यक छ। 'देश आर्थिक संकटमै छ, यस्तोबेला एक वर्ष पनि नभई मध्यावधि निर्वाचनमा जानु ठीक होइन। बरु, सबै दल मिलेर सरकार गठन गर्नु आवश्यकता छ', उनले भनिन्, 'कांग्रेसलगायत दलसँग हामी छलफल थाल्छौं।'

अबको ३० औं दिनमा मुख्यमन्त्री कार्कीले विश्वासको मत लिनुपर्छ। तर, अहिलेकै अवस्थामा भने विश्वासको मत पाउने सम्भावना छैन। राजनीतिक कोर्समा अदलबदल भए भने विश्वासको मत पाउन पनि सक्छन्। सम्भावित यही परिस्थितिको विश्लेषण गरेको एमालेले यसपटक सर्वदलीय सरकार गठनको 'कार्ड' फ्याँकेको हो।

मुख्यमन्त्री कार्कीलाई सरकार टिकाउन संसद्मा ४७ जना सांसदले विश्वासको मत दिनुपर्ने हुन्छ। तर, एक जना सांसदको विश्वासको मत उनलाई अभाव हुन्छ। यसअघि ४ भदौमा उनी एक जना सांसदको विश्वास अभावमा मुख्यमन्त्रीबाट पदच्युत भएका थिए। कार्की नेतृत्वको एमालेको ४० जना सांसद छन्। एमालेसँग राजनीतिक सहयात्रा गरिरहेको दल राप्रपाको ६ जना सांसद छन्। यसकारण एमाले-राप्रपा गठबन्धनको सरकारलाई आवश्यक हुने भनेको मत एक नै हो। यद्यपि, थप एक सांसदको विश्वासको मत पाउने सम्भावना देखिएको छैन।

माओवादी संसदीय दलका नेता इन्द्र आङ्बोले भने कार्कीलाई विश्वासको मत नदिने र कार्की नेतृत्वको अहिलेको सरकारलाई सर्वदलीय सरकार बनाउन नसकिने प्रष्ट पारे। उनका अनुसार सर्वदलीय सरकार संविधानको धारा १६८ को (५) अनुसार मात्रै उपयुक्त हुन्छ। सरकार गठनको यस संवैधानिक आधारमा टेकेर भने मुख्यमन्त्री हुने उनकै चाहना छ। यसअघि पनि उनले मुख्यमन्त्री हुन थुप्रै जोडबल गरेका थिए। गत वर्षको २४ पुस र यही ४ भदौमा मुख्यमन्त्री हुन उनले गठबन्धनका शीर्ष नेताहरूमाथि दबाब दिएका थिए।

तर, मुख्यमन्त्री हुन पाएनन्। पहिलो पटक कार्की मुख्यमन्त्री भए। दोस्रो पटकमा कांग्रेसका उद्धव थापा भए। अब भने संविधानको धारा १६८ को उपधारा (५) अनुसार मुख्यमन्त्री भएर सर्वदलीय सरकार गठन गर्ने उनको चाहना छ।

'अहिले सर्वदलीय गठनको राजनीतिक परिस्थिति विकास भइसकेको छैन। उपधारा ५ मा गएर मात्रै हुन्छ', उनले भनेका छन्, 'किनभने अहिले नै प्रदेशलाई मध्यावधि निर्वाचनमा धकेल्नुहुँदैन।'

प्रदेश संसद्मा कांग्रेस (२९ जना), माओवादी (१३ जना), नेकपा एस (४ जना) र जसपा (१ जना) को गरी ४७ जना सांसद छन्। यो सरकार गठनका लागि सामान्य बहुमत हो। सभामुखबाट माओवादीका बाबुराम गौतमले राजीनामा दिएपछि ४७ सांसद पुऱ्याउँदा पनि कांग्रेस नेतृत्वको गठबन्धनको सत्ता भने जोगिएन। फेरि, उपसभामुख सिर्जना दनुवार (एमाले) अनुपस्थित हुँदा अध्यक्ष मण्डलको रुपमा संसद् बैठकको अध्यक्षता कांग्रेसकै इस्राइल मन्सुरीले गर्नुपर्ने हुन्छ। र, सर्वोच्चले अध्यक्ष मण्डलको हैसियतले सभाध्यक्ष गर्नेको काम, कर्तव्य र अधिकार पनि सभामुख र उपसभामुखको समान हुने भन्दै विश्वासको मत दिन नमिल्ने सिद्धान्त प्रतिवादन गरेको छ। जसले गर्दा गठबन्धनलाई पनि सरकार गठनमा समस्या हुने देखिएको छ। राजनीतिक विश्लेषकहरूका अनुसार प्रदेश संसद्को गणितलाई आधार मान्दा कोशीमा सर्वदलीय सरकार गठन आवश्यक छ।

## 'ग्रे लिस्ट'मा...

पृष्ठ १ बाट जारी

फागुन १० गते सामान्य छलफल भएपछि वैशाख १५ गतेबाट समितिमा दफावार छलफलमा छ।

### नेपाललाई सुझावै-सुझाव

भ्रष्टाचार, तस्करी, कर छली र मानव बेचबिखनलगायत अपराध मौलाएकाले नेपाल ग्रे लिस्टको जोखिममा छ। एपीजीको प्रतिवेदनअनुसार बैंकिङ, सहकारी, बहुमूल्य धातुका व्यापारी, क्यासिनो र रेमिटेन्स प्रदायकहरू पनि सम्पत्ति शुद्धिकरणको जोखिमका रहेका क्षेत्र हुन्। हुन्डी कारोबारले पनि अवस्था जटिल रहेको प्रतिवेदनमा औंल्याइएको छ।

अवैध रूपमा तथा अपराधबाट आर्जित धनलाई वैध बनाउने प्रक्रिया तथा आतंककारी कार्यका लागि वित्तीय लगानीका विषयलाई गम्भीरता साथ लिने अन्तर्राष्ट्रिय वित्तीय प्रणालीले यसको निगरानीका लागि खडा गरेको निकाय एपीजीको नेपाल सदस्य हो। प्रतिवेदनमा ग्रे लिस्टबाट जोगिन १० प्रमुख कामलाई प्राथमिकता दिन सुझाव दिइएको छ।

सन् २०११ को मूल्यांकनमा नेपालले चारवटा सिफारिस धेरै हदसम्म पालना गरेको, आठ सिफारिस आंशिकरूपमा कार्यान्वयन गरेको र ३५ सिफारिसको पालनामा निकै कमजोर थियो। दुई सिफारिस लागू नै नभएको पाइएको थियो।

प्रतिवेदनमा नियामकीय र अनुसन्धान निकायका साथै महान्यायाधिवक्ताको कार्यालयले सम्पत्ति शुद्धीकरणका मुद्दालाई प्राथमिकता दिनुपर्ने भनिएको छ। ठूला आपराधिक गतिविधिमा सम्पत्ति शुद्धीकरणको कोणबाट पनि अनुसन्धान गर्न सुझाव दिइएको छ। नेपाल राष्ट्र बैंकको फाइनान्सियल इन्भेस्टिगेसन यूनिट(एफआईयू) लाई वाणिज्य बैंक र अन्य उच्च जोखिम भएका वित्तीय संस्थाको गतिविधि प्राथमिकता दिएर निरीक्षण गर्न एपीजीको सुझाव छ। प्रतिवेदन अनुसार सुपरिवेक्षण जोखिममा आधारित हुनुपर्ने छ। निरीक्षणका लागि आवश्यक सम्पूर्ण स्रोत उपलब्ध गराउन राष्ट्र बैंकलाई सुझाव दिइएको छ। सुपरिवेक्षणको प्रभावकारिता रेटिङ गर्दै एपीजीले न्यून रहेको उल्लेख गरेको छ।

सम्पत्ति शुद्धीकरणको जोखिमबारे सार्वजनिक र निजी क्षेत्रको बुझाइ बढाउनुपर्ने, एएमएल र व्यवसाय प्रवर्द्धनसम्बन्धी कानुनमा संशोधन र प्रभावकारी कार्यान्वयन गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। नेपालले सम्पति शुद्धीकरणको क्षेत्रमा उच्चस्तरको प्रतिबद्धताका साथै ठूलो स्रोत परिचालन गर्न आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ।

कानुन निर्माणमा तदारुकता नदेखाउँदा नेपाल यसअघि एक पटक एपीजीको निगरानी सूचीमा परिसकेको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग लगायत संरचना स्थापना गरेपछि नेपाल उक्त सूचीबाट उम्किएको थियो। विभागले हालसम्म ५८ वटा घटनामा अनुसन्धान गरी ४५ वटा मुद्दा दायर गरेको छ।

### के हुन्छ ग्रे लिस्टमा परे ?

एफएटीएफको 'ग्रे लिस्ट' मा परे आर्थिक संकट आइपर्ने अर्थविद्हरु बताउँछन्। ग्रे लिस्टमा परे कुनै पनि देशलाई विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंकलगायतले ऋण तथा आर्थिक सहायता नियन्त्रण गर्ने, अनुदान र सहायता बन्द गर्ने सम्भावना रहन्छ।

त्यसपछि पनि सुधार नभए देश कालोसूचीमा जाने र विश्वव्यापी नाकाबन्दीको सिकार हुने अवस्था आउन सक्छ। कालोसूचीमा परेको देशबाट अन्तर्राष्ट्रिय बैंकिङ कारोबारमा नियन्त्रण र प्रतीतपत्र कारोबार गर्न कठिनाइ हुन्छ। यस्तो अवस्थामा विदेशी लगानी निरुत्साहित हुने, अन्तर्राष्ट्रिय जगत्मा देशको वित्तीय साख घट्ने तथा सरकार र नागरिकको विदेशमा रहेको सम्पत्ति जोखिममा पर्ने हुन्छ। यही फागुन ११ गते वित्तीय अपराध नियन्त्रणका लागि कडा कानुन बने पनि तिनको प्रभावकारी कार्यान्वयन नभएको भन्दै दक्षिण अफ्रिका र नाइजेरिया 'ग्रे लिस्ट' मा परेका छन्। एफएटीएफले ठूला अर्थतन्त्र भएका यी दुई राष्ट्रलाई 'ग्रे लिस्ट' मा राखेको हो।

# छोङछिङ थ्रि ग्रर्जेज र मदन भण्डारी फाउन्डेसनबीच सहमति




**काठमाडौं–** चीनको प्रमुख शहर छोङछिङस्थित छोङछिङ थ्रि ग्रर्जेज भोकेसनल कलेज र मदन भण्डारी फाउन्डेसनबीच शैक्षिक विकास, वैज्ञानिक शिक्षाको अध्ययन र सीपमुलक अनुसन्धानको क्षेत्रमा सहकार्य गर्ने सम्झौता भएको छ।

शैक्षिक विकासका लागि तालिम केन्द्र स्थापना, अध्ययन र प्राविधिक कार्यक्रम परियोजना सञ्चालन गर्न पाँच बुँदे सम्झौता भएको नेकपा (एमाले)का स्थायी कमिटी सदस्य तथा विदेश विभाग प्रमुख राजन भट्टराईले जानकारी दिए। सम्झौतामा फाउन्डेसनका तर्फबाट अखिल नेपाल महिला सङ्घको अध्यक्षसमेत रहेकी फाउन्डेसनको केन्द्रीय सदस्य टुका हमाल र छोङछिङ थ्रि ग्रर्जेज भोकेसनल कलेजका तर्फबाट प्रमुख लि जीओ कुअङले हस्ताक्षर गर्नु भएको छ।

चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी)को निमन्त्रणामा चीन भ्रमणमा रहेका नेकपा (एमाले)का महासचिव शंकर पोखरेल र चिनियाँ कम्युनिष्ट पार्टीका पोलिटब्युरो सदस्य युआन जियाजुनबीच भएको भेटवार्तामा एकअर्कामा अनुभव, सीप, विचार र ज्ञानलाई आदानप्रदान गर्ने विषयमा कुराकानी भएको थियो। त्यही क्रममा महासचिव पोखरेलले छोङछिङले आफ्नो आधुनिकीरणका क्रममा आर्जन गरेको ज्ञान, सीप र विकास गरेको प्रविधि नेपालसँग आदानप्रदानको प्रस्ताव राखेका थिए। महासचिव पोखरेलको सोही प्रस्तावको पहिलो कार्यान्वयन सुरुआतअन्तर्गत छोङछिङ थ्रि ग्रर्जेज भोकेसनल कलेज र मदन भण्डारी फाउन्डेसन शैक्षिक क्षेत्रको अध्ययन र अनुसन्धानमा काम गर्ने गरी सहमति भएको नेकपा (एमाले)का स्थायी कमिटी सदस्य तथा प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए।

उक्त सहमति नेपालको शैक्षिक विकास, वैज्ञानिक शिक्षाको अध्ययन र सीपमुलक अनुसन्धानका लागि महत्त्वपूर्ण रहेको प्रमुख गौतमको भनाइ छ। गौतमले भने, 'छोङछिङको विकासमा उहाँहरूले आर्जन गर्नुभएको अनुभव, ज्ञान र विकास गर्नुभएको प्रविधिलाई नेपालको विकासमा प्रयोगको लागि यो कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्नेछ।' सहमतिअनुसार कलेजको सहयोगमा ग्रामीण पुनःस्थापनाका लागि शैक्षिक विकास, वैज्ञानिक अनुसन्धान र अध्ययन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ। *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL-AMSHAWI CONTRACTING EST.**

पुन स्वीकृति मिति २०८०/०५/०५ | LT. No. 292193 | चलानी नं. ६०२०७३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 3 | 0 | 1000 | ३५,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : ABDUL RAHMAN SALEH MOHAMMED AL OBAID FAST FOOD COMPANY**

पुन स्वीकृति मिति २०८०/०५/२२ | LT. No. 292192 | चलानी नं. ६०२०७३९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 8 | 0 | 1000 | ३५,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : MOBILE SUPPORT CONTRACTING COMPANY LTD.**

पुन स्वीकृति मिति २०८०/०५/२२ | LT. No. 292191 | चलानी नं. ६०२०७३९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 12 | 0 | 1800 | ६३८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले | सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np
श्रम ईजाजत नं. १८५/०५७/०५८


नेपाल सरकार
**खानेपानी मन्त्रालय**
खानेपानी तथा ढल व्यवस्थापन विभाग (DWSSM)
**एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
पानीपोखरी, काठमाडौं, नेपाल

**भीमदत्त नगरपालिका, वडा नं. १३ मा निर्माण तथा संचालन हुने नगरपालिकाको फोहोर प्रशोधन प्रणाली (WTP) को लागि प्रारम्भिक वातावरणीय परीक्षण तयारीको**

## सार्वजनिक सुनुवाईको सूचना

(प्रकाशित मितिः२०८०/०५/२३ गते)

सुदुरपश्चिम प्रदेश, कञ्चनपुर जिल्ला, भीमदत्त नगरपालिका, वडा नं. १३ मा एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, नेपालबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना<br>पानीपोखरी, काठमाडौं, फोन नं : ०१-४४१३७४४<br>ई-मेल : iwssmp@gmail.com |
| प्रस्तावको व्यहोरा | भीमदत्त नगरपालिका, वडा नं. १३ मा निर्माण तथा संचालन हुने एकीकृत खानेपानी तथा ढल व्यवस्थापन योजना अन्तर्गत नगरपालिकाको फोहोर प्रशोधन प्रणाली (WTP) |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | कञ्चनपुर जिल्ला, भीमदत्त नगरपालिका, वडा नं. १३ |
| परामर्शदाताको नाम र ठेगाना | Building Design Authority P. Ltd.-SWS Consulting Engineering र SAP Water & Energy Developers<br>ओशो भवन, कमलादी, काठमाडौं। फोनः ०१-४२२७३९३<br>ई-मेल : iwssmp.p2@gmail.com |

वातावरण संरक्षण ऐन २०७६, को दफा ३ को उपदफा ५ बमोजिम यस प्रस्तावको कार्यान्वयनको क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको जनप्रतिनिधि, स्थानीय, तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुसँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्नलिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना हुने भएकोले उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय-सुझावहरु दिनु हुन अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

| | |
|---|---|
| स्थानः | भीमदत्त नगरपालिका, वडा नं. १३ को कार्यालय |
| मितिः | २०८०/०५/२८ |
| समयः | दिनको ३:०० बजे |

**धनगढी उप–महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

**प्रकाशित मिति २०८०/०५/२३**

यस धनगढी उप- महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८०/०८१ अन्तर्गत तपसिल बमोजिमका निर्माण कार्यका लागि विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| ठेक्का न. | कामको विवरण | फर्म/ कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 4/DSMC/2080/081 | Construction of PUF Pannel House for Municipal Police Barrack | श्री भट्ट शिव निर्माण सेवा प्रा. लि. गोदावरी, कैलाली | रु. २७,५९,९८९/३० मु. अ. क. बाहेक |
| 6/DSMC/2080/081 | Construction of Guard House and Fencing Works at Ward No.18 Gausala | श्री आर एस कन्स्ट्रक्सन धनगढी, कैलाली | रु. २५,०९,५२९/०० मु. अ. क. बाहेक |

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७८/१०/१२ मा दर्ता भएको प्रा.लि. नं. २८२२७५ को **स्पार्कल इभेन्टस् प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

# रातभर फलाकेर मनाए चेपाङले 'न्वागी'

न्वागीलाई माटो पूजाका रूपमा पनि लिएका छन् । चेपाङ समुदायको थातथलो नै महाभारत क्षेत्र हो । चेपाङहरु पहिलादेखि नै धादिङ, चितवन र मकवानपुरको सिमाना महाभारत शृंखलामा बसोबास गरेको र उनीहरूले पूजा गर्ने ज्वालामुखी देवीको मन्दिर पनि धादिङ जिल्लामा रहेकाले चेपाङ भाषाबाट नै जिल्लाको नाम 'धादिङ' रहन गएको हो भन्ने जनश्रुतिले यहाँ जनसमर्थन पाएको छ ।



■ शंकर श्रेष्ठ

**मलेखु–** गलामा रुद्राक्षको माला, त्यसैमाथि घण्टी । छालाले मोहोरिएको एकपाखे ढ्याङ्ग्रोमा पनि घण्टी र घलामहरू झुन्ड्याइएको छ । गाउँभरिका मानिस एकैठाउँमा जम्मा भएर चेपाङ झाँक्री न्वागी फलाक्दै थिए । जति रात छिप्पिँदै गयो ढ्याङ्ग्रो, घण्टी र घलामबाट आवाज चर्किँदै थिए । मन्द आवाजमा केही फलाकेजस्तो त कोही गुनगुनाएजस्तो आवाज वरपर पनि गुन्जायमान थिए । त्यही ढ्याङ्ग्रो ठोकेर फलाक्नेमध्येका एक थिए धादिङ गजुरी गाउँपालिका-५ बरभञ्ज्याङका राजकुमार चेपाङ ।

नेपालका सीमान्तकृत चेपाङ समुदायले मनाउने न्वागी पर्व निकै रमाइलो र चाखलाग्दो छ । चेपाङ अर्थात् प्रजा समुदायले मनाउने यो 'न्वागी' उनीहरुको मुख्य पर्व पनि हो । चेपाङ भाषामा 'न्वागी' भनेको 'छोनाम' हो । पितृ बुझाउने र भूमि पूजा गर्ने पर्वका रूपमा परिचित यो पर्वमा आफ्ना कूलभरिमा मानिस मूल झाँक्रीको घरमा जम्मा भएर झाँक्री फलाक्ने गर्दछन् । यो पर्वमा विशेषगरी घैया धान, गाभा, निबुवा, घिरौंलालगायत कन्दमूल र तरकारी पितृलाई बुझाएर अन्न फलाउने भूमिलाई पूजा गर्ने चलन रहिआएको छ ।

'नयाँ बाली पाकेपछि पितृलाई नबुझाई खाँदा पितृ रिसाउने, अनिष्ट हुने भन्ने जनविश्वास रहेकाले झाँक्रीहरूले रातभर फलाकेर पितृ बुझाउने र अन्न फलाउने भूमिलाई धन्यवाद दिने गरिन्छ', झाँक्री राजकुमार चेपाङले भने, 'नयाँ बाली पितृलाई नबुझाई र अन्न फलेको भूमिको पूजा नगरी खायो भने कूल रिसाउँछ, मानिस बिरामी पर्छ, अनिष्ट भएरै छोड्छ ।'

चेपाङ समुदायले आफ्नो प्रमुख चाडका रूपमा हरेक वर्ष भदौ २२ गते न्वागी पर्व मनाउँछन् । भदौमा नयाँ अन्नबाली, फलफूल पाकेपछि पूजा गर्ने परम्परा रहेको छ, यसका लागि चेपाङ झाँक्री (पान्दे)हरूले एकपाखे ढ्याङ्ग्रो ठोक्दै कुखुराको बलि चढाउने प्रचलन पनि रहिआएको छ ।

'पितृ नबुझाई र अन्न उत्पादन गराइदिएकामा भूमिलाई धन्यवाद नदिई नयाँ बाली खाएमा अनिष्ट हुन्छ, अशुभ हुन्छ, पितृ रिसाउँछ भन्ने धार्मिक विश्वास रहिआएको छ', नेपाल चेपाङ संघका अध्यक्ष गोविन्दराम चेपाङले भने, 'यो पर्वमा झाँक्री बसेर रातभर सिमेभुमे फलाकेरमात्रै खानुपर्छ भन्ने मान्यता परापूर्वकालदेखि नै चलिआएको हो ।'

छरछिमेकी, नाताकुटुम्ब आमन्त्रण गरेर सामूहिक भोज खाने, नाचगान गर्ने र सुख-दुःख साट्ने गर्छन् । ठाउँ र कूलअनुसार पनि न्वागी मनाउने चलन फरक-फरक छ । चेपाङले न्वागी पर्वलाई 'पान्देइ घ्यासा' चाड पनि भन्छन् । भेला भएर ढ्याङ्ग्रो बजाउने, टीका लगाएर आपसमा आशीर्वाद थाप्ने गरिन्छ । न्वागीको दिनलाई चेपाङहरूले वारनाको रूपमा मनाउने नेपाल चेपाङ संघका केन्द्रीय सचिव एवं धादिङको गजुरी गाउँपालिका वडा नं ४ का वडाध्यक्ष सुरेन्द्र चेपाङले बताए ।

वारनामा कोही चेपाङ काममा निस्कँदैनन् । यो वर्ष पनि वर्षभरि मृत्युवरण गरेका परिवारका सदस्य र आफन्तको नाममा बिहीबार राति रातभर ढ्याङ्ग्रोमा फलाकेर शुक्रबार बिहान न्वागी पूजा गरेका थिए । चेपाङ समुदायले पर्वका रूपमा हरेक वर्ष भदौ २२ गतेलाई मनाउने भए पनि आ-आफ्नो कूलभित्र भने भदौ महिना लागेदेखि फलाक्न सुरु गर्छन् । कूल र भूगोलअनुसार साना-साना समूहमा पनि झाँक्री फलाक्ने र न्वागी मनाउने चलन छ ।

प्रकृति पूजकका रूपमा पनि चेपाङ जातिलाई चिनिन्छन् । सिमेभुमेलाई बुझाएर मात्रै पाकेका अन्नबाली खाने गर्छन् । जल, जंगल र जमिन चेपाङ जातिको जीविकोपार्जनको मुख्य स्रोत हो । जमिनमा खोरिया खन्ने, जंगलमा सिकार गर्ने र जलमा बल्छी र जाल हानेर माछा मारी जीविका धान्ने चेपाङको परम्परागत विशेषता हो ।

चेपाङ भाषाबाटै 'धादिङ'को नाम धादिङ जिल्लाको नाम पनि चेपाङ भाषाबाटै राखिएको कथन छ । 'चेपाङले 'धा' भनेको 'आगोको ज्वाला' र 'दिङ' भनेको 'देवी-देउता चथौत माटो' हो, यसैलाई मिलाएर धादिङ नाम बसेको हो', चेपाङ संघ धादिङका अध्यक्ष भीमबहादुर चेपाङले भने ।

न्वागीलाई माटो पूजाका रूपमा पनि लिएका छन् । चेपाङ समुदायको थातथलो नै महाभारत क्षेत्र हो । चेपाङहरू पहिलादेखि नै धादिङ, चितवन र मकवानपुरको सिमाना महाभारत शृंखलामा बसोबास गरेको र उनीहरुले पूजा गर्ने ज्वालामुखी देवीको मन्दिर पनि धादिङ जिल्लामा रहेकाले चेपाङ भाषाबाट नै जिल्लाको नाम 'धादिङ' रहन गएको हो भन्ने जनश्रुतिले यहाँ जनसमर्थन पाएको छ ।

चेपाङ जातिलाई भौगोलिक सिमानाभन्दा सामाजिक तथा सांस्कृतिक सिमानाले बाँधेको छ । जन्मदेखि मृत्युसम्मको संस्कार भूमिसँग सम्बन्धित छ ।

# न्वागीको सामाजिक सन्देश

चेपाङ समुदायले मात्र मनाउने उनीहरूको जातीय पर्व हो छोनाम अर्थात् न्वागी । नेपालमा अति सीमान्तकृत समुदाय र जनजातिमा पर्छ चेपाङ । सरकारले सूचीकृत गरेको र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सूचीका ५९ आदिवासी जनजातिमध्ये एक हुन् चेपाङ । पछिल्लो समय मकवानपुर, चितवन, धादिङ, इलाम, झापा, मोरङ, सुनसरी, भोजपुर, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, बारा, पर्सा, ललितपुर, काठमाडौँ, गोरखा, लमजुङ, तनहुँ, कास्की, गुल्मी, नवलपरासी, रूपन्देही, दाङ, बाँके र बर्दियासहित २६ जिल्लामा चेपाङ जातिको बसोबास विस्तार भएको छ । ६० को दशकसम्म चेपाङ समुदायको बसोबास हुने जिल्ला भनेर मकवानपुर, चितवन, धादिङ, गोरखा मात्र थियो । चेपाङ जातिलाई प्रकृतिपूजक जातिका रूपमा लिने गरिन्छ । केही चेपाङले २०७८ को जनगणनामा धर्ममा प्रकृति पनि उल्लेख गरेका छन् । चेपाङ समुदायमा जन्मदेखि मृत्युसम्मका संस्कारमा भूमि जोडिएकाले उनीहरूको प्रकृति प्रेम अथाह छ ।



▸▸ रामकुमार एलन

## चेपाङ समुदायको उत्थान

विसं २०३४ मा तत्कालीन राजा वीरेन्द्र शाह हेटौँडा आएका थिए । त्यसबखत चेपाङ समुदायको रहनसहन र जीवनशैली देखेर शाहले नै चेपाङ समुदायलाई 'प्रजा' सम्बोधन गरेका थिए । खोरिया खन्ने, पाखो बारीमा छाप्रो बनाएर बस्ने, निम्न आयस्रोत भएका गरिबीको रेखामुनि पिल्सिएका समुदायलाई राजा शाहले आफ्नै जनता मानेर 'प्रजा' भनेपछि उनीहरुले थर 'प्रजा' लेख्न थाले ।

त्यसको लगत्तै मकवानपुरलगायत चेपाङ बसोबास रहेका जिल्लामा २०३४ सालदेखि नै जिल्ला विकास समिति मातहत 'प्रजा विकास कार्यक्रम' लागू भएको थियो । विपन्न चेपाङ समुदायलाई आवास बनाएर बस्ती बसाउने, काम गर्न सीप सिकाउने, बालबच्चा बढाउने र शिक्षित बनाउने अभियान प्रजा विकास कार्यक्रममार्फत भएका उपलब्धि हुन् । एकातिर भूमिहीन, अर्कातिर भएको थोरै भूमिको पनि स्वामित्वविहीन र स्वामित्वका लागि नागरिकताविहीन अवस्था ५० को दशकसम्म चेपाङ समुदायको मूल मुद्दा थियो ।

## चेपाङ नै पहिचान

राजाले 'प्रजा' बनाए पनि पछि केही चेपाङ अगुवा तथा अधिकारकर्मीले जातीय पहिचान समाप्त हुने भन्दै प्रजालाई 'चेपाङ' नै घोषणा गरेर अघि बढे । पचासको दशकपछि चेपाङ समुदायमा बढेको चेतनास्तरले उनीहरुको जातीय पहिचान चेपाङ नै हो भन्ने भयो र प्रजा थरबाट नागरिकता बनाउने अभियान रोकेर केहीले नागरिकतामा चेपाङ नै लेख्न थाले । उनीहरुले बोल्ने भाषालाई चेपाङ भाषा र उनीहरुको जाति चेपाङ नै लेखिन थालियो । जातीय पहिचानका लागि नेपाल चेपाङ संघ स्थापना भयो । उनीहरुको भेषभूषा र रहनसहन पनि चेपाङ संस्कृतिले परिचित हुन थाल्यो । प्रजा विकास कार्यक्रमले ल्याएको परिवर्तन पछि फेरि चेपाङ भाषा, जाति, संस्कृति र परम्परा बन्यो । अहिले उनीहरु आफूलाई चेपाङ समुदायकै रुपमा चिनाउन चाहन्छन् । आफ्नै लिपि नभए पनि भोट बर्मेली भाषासँग मिल्दोजुल्दो चेपाङ समुदायको आफ्नै मातृभाषा छ । आफ्नै लिपि चैं छैन ।

## प्रकृति प्रेम

चेपाङ समुदायको जनजीवन जंगल र जमिनसँग जोडिएको इतिहास छ । वनजंगल नजिक, भिरालो परेको जमिन, खोलाखोल्सी चेपाङ समुदायको बस्ती रहने गर्दथ्यो । उनीहरु ठूलो रुख, ठूलो ढुङ्गालाई पूजा गर्थे । खोलानाला, जंगल, आगोलाई पनि उनीहरु उत्तिकै श्रद्धा गर्छन् । अहिले पनि चेपाङ समुदाय चिउरीसँग जोडिएका छन् । उनीहरुको विवाहमा पनि छोरीलाई चिउरी दाइजो दिने चलन थियो । जंगली कन्दमूल गिट्ठा, भ्याकुरलगायतका फलफूल पनि चेपाङ समुदायको रोजाइको खाना थियो ।

एक अध्ययनले पछिल्लो समय चेपाङ समुदायका बालबच्चा होचा हुनुमा अत्यधिक गिट्ठाको परिकार भोजन पनि कारण भनिएको थियो । गिट्ठामा हुने फाइबरका कारण उचाइलाई असर पर्ने भएकाले चेपाङ समुदायका बालबच्चा केही होचो भएको भनेर अध्ययन सार्वजनिक गरिएको थियो । तर प्रकृतिमै रमाउने, प्राकृतिक फलफूलमा पनि जीवन गुजार्न सक्ने समुदाय आज विकासको मूलधारमा आएका छन् । उनीहरु शिक्षित भएका छन् । अरु जाति सरह अग्राधिकारका लागि लडिरहेका छन् । यो उनीहरुमा आएको ठूलो परिवर्तन हो । राजनीतिमा पनि चेपाङ समुदायको सक्रियता वृद्धि भएको छ । प्रदेश सरकारमा मन्त्री, संघीय, प्रदेश सांसद हुँदै संविधानसभा सदस्यसमेत चेपाङ समुदायबाट भइसकेका छन् ।

## चेपाङको पर्व

चेपाङ समुदायले मनाउँदै आएको उनीहरुको प्रमुख र परम्परागत पर्व हो छोनाम अर्थात् न्वागी । चेपाङ समुदायको रहनसहन, संस्कृति, अन्य जातजातिसँगको साइनो, विहेबारीका कारणले यस चाडलाई विभिन्न स्थानमा फरक ढङ्गले मनाइने गरिए पनि प्रमुख पर्व न्वागी नै हो । चेपाङ समुदायले पर्वलाई तीज अघि मनाउनु उचित हुने बताएका छन् । उनीहरुको २२ नाले वंशावली छ । त्यसैले पछिल्लो समय भदौ २२ गतेलाई उनीहरुले आफ्नो राष्ट्रिय पर्वका रुपमा मनाउने गरेका छन् ।

यसपटक बागमती प्रदेश सरकारले भदौ २२ गते न्वागीका अवसरमा प्रदेशका धादिङ, चितवन र मकवानपुरमा सार्वजनिक बिदा दिएको छ । चेपाङ भाषाकै नाममा पालिकाको नाम राखिएको मकवानपुरको राक्सिराङ गाउँपालिकाले त दुई दिन सार्वजनिक बिदा दिएको छ । भदौ २१ र २२ गते राक्सिराङ गाउँपालिकाले सार्वजनिक बिदा दिएको छ । चेपाङ भाषामा रोक्साइ भनेको खुर्सानी हो र राङ भनेको बारी हो । रोक्साइराङ नै अपभ्रंश भएर पछि राक्सिराङ नाम रहन गयो भन्ने किम्बदन्ती छ । राक्सिराङ पहिला चेपाङ बाहुल्य गाउँ विकास समिति हो । पछि विभिन्न साविकका गाविसहरु जोडिएर राक्सिराङ गाउँपालिका भएको हो ।

## के के गरिन्छ ?

न्वागीमा खासगरी चेपाङ समुदाय नयाँ खाद्यान्न तथा फलफूल भित्र्याएपछि पहिला पितृलाई चढाउनु पर्छ भन्ने मान्यता राख्छन् । नयाँ अन्नबाली पितृलाई नचढाई खाए रोगव्याधको सिकार हुने, परिवारका सदस्य बिरामी हुने विश्वास राख्छन् । त्यसैले न्वागी मनाएर नयाँ फलफूल, अन्नबाली पितृलाई चढाउँछन् । उनीहरुले पितृलाई विधिपूर्वक पूजाआजा गर्दै फलफूल र अन्नबाली चढाएपछि आफूहरु खान्छन् । रातभर पितृलाई बोलाएर पूजापाठ गरेर चढाउने, चेपाङ जातिले प्रयोग गर्ने आफूले खाने पर्व नै न्वागी पर्व हो । पाखोबारीमा फल्ने धान प्रजातिको घैया झाँक्रीले शिरमा राखिदिने चलन छ । यसो हुँदा नयाँ अन्नबालीमा पितृको आशीर्वाद हुन्छ र सन्तान बिरामी पर्दैनन्, कुनै दुःख हुँदैन भन्ने मान्यता छ ।

चेपाङ समुदायको झाँक्री, पण्डितलाई 'पान्दे' भन्ने चलन छ । उनीहरु चोखोनितो गरेर चेपाङ समुदायले प्रयोग गर्ने एकपाखे ढ्याङ्ग्रो फलाक्छन् । पितृहरु बोलाउने धार्मिक मान्यता छ । वर्षभर सन्तानलाई केही नहोस्, रोगब्याध हटोस् भन्ने भनेर नै पव मनाउने र यो वर्ष सुखसँग सन्तानले जीवन काटोस् भनेर पितृको आशिर्वादका लागि न्वागी मान्ने गरिन्छ । न्वागीमा बारीमा उत्पादन भएका अन्नबाली, तरकारी प्रजातिका घिरौंला, चिचिन्डो, अदुवा, केरा, पिंडालु, निबुवा र घैया धान (सुख्खा ठाउँमा लगाएर भदौमा पाक्ने एक किसिमको धान) पनि चढाइन्छ ।

रातभर झाँक्रीले तन्त्रमन्त्र जपेर पितृलाई चढाउने कार्य हुन्छ । युवा पुस्ता राति विभिन्न दोहोरी गीत गाएर, नाचगान गरेर रमाइलो पनि गर्दछन् । पर्वमा टाढा गएका सन्तानहरु भेटघाट हुने गर्छ । बिहानीपख झाँक्रीले पूजा विसर्जन गर्दै चेपाङ जातिका देवता बोलाएर आयु भएकालाई राम्रोसँग बाँच्न देउ र आयु कम भएकालाई आयु बढाइदेउ भन्दै घरका सदस्यलाई घैया चामलको अक्षता (टिका) लगाइदिने यो पर्वको प्रमुख प्रचलन हो । न्वागीको टीकापछि घरमा सबै इष्टमित्र, कुटुम्ब बोलाएर भोजभत्तेर हुने गर्दछ ।

## च्याङ्लीमा न्वागी पर्व

यो वर्ष चेपाङ समुदायले धादिङको गजुरी गाउँपालिका-५ च्याङ्लीमा सामूहिक रुपमा न्वागी पर्व मनाउने तयारी गरेका छन् । मकवानपुर, धादिङ, चितवन, गोर्खा, लमजुङलगायतका चेपाङ बसोबास भएका जिल्लाका प्रतिनिधि चेपाङ समुदाय च्याङ्लीमा भेला भएर पर्व मनाउने तयारीमा छन् । चेपाङ समुदायको भाषा, धर्म, संस्कृति र परम्पराको संरक्षण अभियानमा पर्व मनाउने गरिएको छ । विस्तारै यस पर्वलाई प्रदेश सरकारले पनि सहअस्तित्व स्वीकार्दै मान्यता दिन थालेको छ । यसलाई अधिकारको लडाइँसँगै चेपाङ सभ्यताको संरक्षणको मुद्दाको रुपमा पनि लिन थालिएको छ । बागमती प्रदेशबाहेक अन्यत्र पनि छरपष्ट रुपमा रहेका चेपाङहरुले आफ्नो धर्म परम्पराअनुसार भदौ २२ गते न्वागी पर्व मनाउने गर्दछन् ।

# ओझेलमा देउपुजे

**वालिङ–** स्याङ्जाको भिरकोट नगरपालिका-३ भतेरपाटामा अवस्थित 'देउपुजे ढुंगा' प्रचारको अभावमा ओझेलमा परेको छ । धार्मिक, ऐतिहासिक एवं पर्यटकीय दृष्टिले प्रचुर सम्भावना रहँदारहँदै पनि प्रचार नहुँदा यसको महत्व ओझेलमा परेको हो ।

देउपुजे ढुंगालाई शिवलिङ्गको स्वरुप मानी शत्बीज छर्ने गरिएको छ । यहाँ शत्बीज छर्नाले पितृमुक्त, पितृ उद्धार तथा भाकल पूरा हुने जनविश्वास रहिआएको देउपुजे ढुंगा पूजा समितिका सदस्य राजकुमार श्रेष्ठले बताए ।

यस स्थानमा वर्षा भएन भने स्थानीय मिलेर बाजागाजासहित ढुंगाको माथिबाट सबैले गाग्रीमा पानी लगी तल बाजाको भोटेसोला भन्ने तालमा नाच्नेलाई पानी खन्याएर पानी माग्न सुरु गर्ने चलन रहेको उनले बताए । 'परापूर्वकालमा यस ढुंगाको एउटा भागमा गाईको जस्तै थुन रहेको र त्यसबाट दूध आउने गर्थ्यो', श्रेष्ठले भने, 'रजश्वला भएकी महिलाले भोकाएको आफ्नो बच्चालाई दूध खुवाउन उक्त थुन छोएपछि दूध आउनै बन्द भएको भन्ने किंवदन्ती रहेको छ ।' यस ठाउँमा हिन्दू धर्मावलम्बीले देवी र शिवलिंगका रुपमा तथा बौद्धमार्गीले आफ्नै विधिअनुसार पूजा आराधना गर्दै आएका छन् ।



धार्मिक महत्वसँगै यो ठाउँ पर्यटकीय दृष्टीले पनि प्रचुर सम्भावना बोकेकाले यहाँ पूर्वाधार निर्माण थालिएको वडाध्यक्ष केशबहादुर खड्काले बताए । 'यस ठाउँलाई धार्मिक दृष्टिले शक्तिको केन्द्रकारुपमा मानेर पूजाआजा हुने गरेको छ', खड्काले भने, 'धार्मिक महत्व सँगसँगै यहाँ अध्ययन, अवलोकन तथा वनभोज खानका लागि पनि मानिस आउन थालेका छन् ।'

अग्लो स्थानमा भिरालो खालको चौरमा बालमैत्री पार्क निर्माणाधीन अवस्थामा रहेको वडाध्यक्ष खड्काले बताए । उनका अनुसार यहाँ आउने पर्यटकलाई लक्षित गरी प्रतिक्षालय, कुर्सी, सिँढी निर्माण, खानेपानीको व्यवस्थापन गरिएको छ । वडा कार्यालयबाट थप संरचना निर्माणका लागि चालू आर्थिक वर्षका लागि तीन लाख बजेट विनियोजन गरेको उनले जानकारी दिए ।

पालिकाभित्र विभिन्न ठाउँमा रहेका धार्मिक, पौराणिक, ऐतिहासिक, पर्यटकीय संरचनालाई संरक्षण गर्ने र प्रचारप्रसार गर्दै नगरपालिका अगाडि बढेको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताए । 'नगरभित्र रहेका हाम्रा धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पौराणिक महत्व बोकेका स्थलका बारेमा जानकारी दिनका लागि स्थानीय पाठ्यक्रममा समावेश गरेका छौं', उनले भने, 'स्थानीय पाठ्यक्रमको प्रभावकै कारण पनि पालिका भित्रका विभिन्न ठाउँमा अहिले अध्ययन अवलोकन गर्न जानेको सङ्ख्या बढ्दै गएको छ ।'

भिरकोटको मुख्य बजार बयरघारीदेखि १० किलोमिटर उकालो ग्रामीण कच्ची सडक पार गरेपछि यस ठाउँमा पुग्न सकिन्छ । समुद्रसतहदेखि एक हजार पाँच सय फिटको उचाइमा यो ठाउँ रहेको छ । अग्लो ठाउँमा भएकाले पनि यहाँबाट माछापुच्छ्रे, अन्नपूर्ण, धवलागिरिलगायतका हिमशृङ्खला मनमोहक देखिन्छन् ।

स्याङ्जासहित छिमेकी जिल्लाका विभिन्न ठाउँ यहाँबाट देखिने भएकाले पनि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बन्नसक्ने देखिएको वडाध्यक्ष खड्काले बताए । उनका अनुसार उक्त ढुंगाको गोलाई करिब २५ मिटर र उचाइ करिब १५ मिटर छ । *रासस*

# हेलम्बु-याङ्री-लार्के सुरुङमार्ग बनाउन प्रस्ताव

**सिन्धुपाल्चोक–** हेलम्बु गाउँपालिका-१ अम्बथानबाट पाँचपोखरी गाउँपालिकाको छिम्तीसम्म सुरुङमार्ग बनाउन प्रस्ताव गरिएको छ । मेलम्ची खानेपानी विकास समिति बोर्ड सदस्यसमेत रहेका हेलम्बु गाउँपालिकाका अध्यक्ष निमाग्याल्जेन शेर्पाले हेलम्बुबाट-याङ्री र याङ्रीबाट हेलम्बु यातायात आउजाउका लागि उक्त प्रस्ताव गरेका हुन् ।

मेलम्ची खानेपानी आयोजनाको दोस्रो चरणको कार्यक्रमअन्तर्गत याङ्री र लार्केको पानी मेलम्ची सुरुङमै थप गरेर काठमाडौं ल्याउने तयारी छ । सोही प्रयोजनका लागि थप नौ किलोमिटर 'टनेल' निर्माण गर्दा हेलम्बुको मुहानबाट याङ्री मुहानसम्मको भागमा खानेपानीको टनेल सँगसँगै हेलम्बुबाट याङ्री र याङ्रीबाट हेलम्बु यातायात आवतजावतका लागि सहज हुने शेर्पाको भनाइ छ ।

याङ्री र लार्केको पानी काठमाडौं लैजानका लागि निर्माण हुने टनेलको डिजाइन गर्दा पानीसँगै यातायात आवतजावतका लागिसमेत सहज हुने गरी बनाउन उनले आग्रह गरेका हुन् । अध्यक्ष शेर्पाले यातायातसहितको टनेल निर्माण गरिएमा हेलम्बु र पाँचपोखरी क्षेत्र दुवैतिरको पर्यटन प्रवर्द्धन र विकासमा टेवा पुग्ने बताए । दुईवटै पालिकाको छोटो दूरी र वैकल्पिकमार्गका रूपमा सो मार्ग प्रयोग गर्न सकिने उनको भनाइ छ ।

यसका लागि प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको र विभिन्न बैठकमा समेत आफूले कुरा उठाएको अध्यक्ष शेर्पाले बताए । 'एडिबीले टनेलको डिजाइन गर्दा यातायात आवतजावतसहितको गर्नुपर्छ, यसले गर्दा यस भेगको पर्यटन प्रवर्द्धनमा मात्र नभएर विकासमा समेत टेवा पुग्छ ।'

उक्त प्रस्तावका लागि पाँचपोखरी थाङपाल गाउँपालिकाका अध्यक्ष टासी लामासँग पनि सल्लाह भएको जनाइएको छ । यस विषयमा स्थानीय राजनीतिक दल, जनप्रतिनिधि, समाजसेवी बुद्धिजीवी तथा सरोकारवाला निकायसँग चरण-चरणमा छलफल गरिसकेको र यसलाई निरन्तर अघि बढाइने अध्यक्ष शेर्पाको भनाइ छ । उक्त प्रस्तावमा मेलम्ची खानेपानी विकास समिति पनि सकारात्मक रहेको बताइएको छ । *रासस*

# असारमा बनेका सडक भत्किए भदौमा

**जाजरकोट–** कर्णाली प्रदेश सरकारले गत आर्थिक वर्षको अन्तिममा बजेट रकमान्तर गरेर जाजरकोटमा खनिएका २८ सडक वर्षाका कारण भत्किएका छन् । वर्षामा झरीसँगै निर्माण गरिएका सडक वर्षाको भलले बगाउँदा भत्किएका हुन् ।

वातावरणीय प्रभाव मूल्यांकन विना करोडौँको बजेट खर्चिएर निर्माण गरिएका कच्ची सडक अहिले ठाउँठाउँमा पहिरो गएर पैदल हिँड्ने अवस्थासमेत नरहेको स्थानीयले बताएका छन् ।

नलगाड नगरपालिका-८ स्थित खास्ने खेत गम्राख रंगखाली हल्चौर हुँदै लेखम जोडने सडक रू १५ लाखमा निर्माण गरिएकामा अहिले पैदल हिड्ने अवस्था समेत नरहेको स्थानीय रवीर कामीले बताए । सडक खनिएको ठाउँमा ठूलो पहिरो गएपछि पैदल हिड्ने बाटोसमेत नहुँदा दैनिक आवतजावतमा समस्य भइरहेको उनको भनाइ थियो ।

बारेकोट गाउँपालिका-८ को कोल्यानी छुतिपाल्ती बण्डाला सडकमा ४० लाख रुपैयाँ विनियोजन गरी निर्माण गरिएको कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बेदराज सिंहले बताए । उनका अनुसार सडक निर्माणका क्रममा डोजरको प्रयोग गरिएको थियो ।

भेरी नगरपालिका-४ भुल्के बुरेली सडक निर्माण गर्न १५ लाख रुपैयाँ रकम विनियोजन गरी काम सुरु गरिए पनि हाल उक्त सडक चालु अवस्था छैन । वर्षाको भलले सडक तहसनहस बनाएपछि अहिले सडक निर्माण नगरेझैं भएको छ । त्यस्तै बारेकोट-८ को कोल्यानी कान्छाबाडा डाडागाउँ सडक निर्माण गर्न असारको पहिलो साता निर्माण भएकामा अहिले काम नलाग्ने अवस्थामा पुगेको छ ।

छेडागाड नगरपालिका १२ को बल्लेहाडेइला, बारेकोट-५ करुका कार्कीज्यूला, बारेकोट-४ रावतजिरी भगवती माध्यमिक विद्यालयदेखि एकीकृत बस्ती, छेडागाड-११ मा भदाले लामाडाँडा बाह्र भदौ सडक, बारेकोट-९ सक्ला खट्कटादेखि सक्ला टोलसम्म, जुनिचाँदे-४ बिरा मेलटाकुरी बिरा, नलगाड-१३ मा उखालेदेखि तल्लो हितानगाउँसम्म, चिप्लेटा चौखे ढुंगा बराथान रिमिदारा सडक, जुनिचाँदे-५ मा लामातरा साल्तडा रावटेडाडा हुँदै रात्ती खालीसम्म, शिवालय-२ मा खनेटा देउली सडक, नलगाड-१ को उर्मे ढुंगादेखि जुरेलीसम्म, नलगाड-५ को रानीखेत जिरो प्वाइन्ट भई थर्पपाटा रगुनाथ जोडने सडक गरी २८ वटा निर्माण गरेको हप्ता दिन नबित्दै नाम निसानै नरहने गरी भलले बगाएको नागरिक अगुवा राजेन्द्रविक्रम शाहीले बताए ।

उनका अनुसार अधिकांश सडकले बस्तीमा पहिरो ल्याएर सर्वसाधारणको उठीबाससमेत बनाएको छ । सडकको डिपिआर नगरी पहुँचको भरमा योजना ल्याइ निर्माण गरिएका यी सडकले विकासभन्दा पनि विनाशका रुपमा अगाडि बढेको शाहीको भनाइ थियो ।

'दिगो विकासको लक्ष्यसहित अगाडि बढ्नुपर्नेमा पटकपटक फेरबदल हुने सरकारका कारण आफू अनुकूल बजेट ल्याइ सडक निर्माण गरिएका छन्', उनले भने ।

कात्तिकभित्र ठेक्कालगायत अन्य उपभोक्ताको काम पूरा गर्न सरकारले निर्देशन दिएपछि भत्किएका सडक निर्माण नभएसम्म कर्मचारी फिल्ड जान सक्ने अवस्था नरहेको मन्त्रालयका कर्मचारी बताउँछन् ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका योजना महाशाखाका प्रमुख रमेश सुवेदीले सल्यान, सुर्खेत र दैलेखमा कात्तिकभित्र काम गर्न सकिए पनि अन्य जिल्लामा बाटो मर्मत नभएकाले चुनौती भएको बताए । असारको पहिलो सातामा जिल्लामा आफ्नो मन्त्रालयबाट कुनै पनि योजना नगएको शाहीले बताए । 'आर्थिक मामिला तथा योजना मन्त्रालयबाट केही योजना गएको सुनेको छु', उनले भने । *रासस*

# सुगाको बथानले मकै सखाप

**कञ्चनपुर–** शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने किसानले लगाएको मकैबाली सुगाको बथानले खाएर सखाप पार्न थालेको छ । सुगाको बथानले मकैको घोगा खाएर नोक्सानी गर्न थालेपछि स्थानीय किसान चिन्तित भएका हुन् ।

बथानका बथान सुगा बिहान, साँझको समयमा आएर मकैबालीमा पसेर नोक्सानी गर्न थालेको मध्यवर्ती क्षेत्रको शुक्लाफाँटा नगरपालिका-२ का किसान गंगा बोहराले बताइन् । 'दश कठ्ठा जग्गामा बर्खे मकैबाली लगाएको थिएँ', उनले भनिन्, 'मकैमा घोगा लाग्न सुरु भएपछि सुगा खेतमा छिर्न थालेका हुन्, पाक्न नपाउँदै पूरै बाली सखाप पारेका छन् ।' सूर्योदय हुनुअघि नै सुगा खेतमा छिर्ने भएकाले थाली ठटाएर सुगा भगाउने गरेको उनले बताइन् ।

उनका अनुसार बादल लागेको दिन र साँझपख सुगाले मकै खान बढी मन पराउने गरेका छन् । 'एक हुल भगाउँछौं अर्को हुल खेतमा बसेर मकै खान सुरु गर्छ, एकछिनमै पूरै मकैका घोगा खाएर फर्कन्छन्', सिमलफाँटाका रामबहादुर चौधरीले भने, 'सुगा भगाउनकै लागि एक जनाको ड्युटी खेतमै दिनभर हुन्छ ।'

दिउँसो सुगाले राति बँदेलले मकै खाने गरेको चौधरीको गुनासो रह्यो । 'दिउँसो सुगाले मकैबाली खाएर हैरान पार्छन्, राति निकुञ्जबाट छिर्ने बँदेल खेतमा छिरेर बचेको मकै खाएर फर्कन्छन् ।' खेतमा छरेको मकैको बीउसमेत उठाउन मुस्किल हुन थालेको उनले सुनाए । सुगाकै कारण मकैखेती गर्दा खनजोत, सिँचाइ, मलखादको लागत खर्च नउठ्ने भएकाले अधिकांश किसानले बर्खे मकैबाली लगाउन छाड्दै गएका छन् ।

मध्यवर्ती क्षेत्रका किसानले मकैको सट्टा उखुबाली, धानबालीलगायतको खेती गर्न थालेका छन् । पहिला मध्यवर्ती क्षेत्रको कालागौंडी, रानीपुर, ढकनिया, जोनापुर, पिपलाडी, असैना, सिमलफाँटा, दैजी अधिकांश किसानले मकैबाली लगाउने गरेका थिए । सुगाकै कारण हाल नगन्य मात्रामा मात्रै किसानले मकैबाली लगाउने गरेका छन् । स्थानीय किसान नरेन्द्र नेगीले सुगाले गरेको मकैबालीमा क्षतिको मूल्याङ्कन गरी किसानलाई क्षतिपूर्ति दिनुपर्ने बताए । *रासस*


नेपाल सरकार
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग (DWSSM)**
**एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
**पानीपोखरी, काठमाडौं, नेपाल**
**नेपालगञ्ज उपमहानगरपालिकामा निर्माण तथा संचालन हुने एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनको लागि प्रारम्भिक वातावरणीय परिक्षण तयारीको**

**सार्वजनिक सुनुवाईको सूचना**

(प्रकाशित मिति २०८०/०५/२३ गते)

लुम्बिनी प्रदेश, बाँके जिल्ला, नेपालगञ्ज उपमहानगरपालिका , वडा नं. १२, १८, १९, २० र २३ मा एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, नेपालबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, फोन नं : ०१-४४१३७४४ ई-मेल : iwssmp@gmail.com |
| प्रस्तावको व्यहोरा | नेपालगञ्ज उपमहानगरपालिकामा निर्माण तथा संचालन हुने एकीकृत खानेपानी तथा ढल व्यवस्थापन योजना अन्तर्गत वडा नं १२ मा सतही ढल व्यवस्थापन प्रणाली, वडा नं १८, १९ र २० मा कार्कान्धो खानेपानी आयोजना र वडा नं २३ मा दिसाजन्य फोहर प्रशोधन प्रणाली |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | बाँके जिल्ला, नेपालगञ्ज उपमहानगरपालिका , वडा नं. १२, १८, १९, २० र २३ |
| परामर्शदाताको नाम र ठेगाना | Building Design Authority P. Ltd.-SWS Consulting Engineering र SAP Water & Energy Developers ओशो भवन, कमलादी, काठमाडौं । फोन: ०१-४२२७३९३ ई-मेल : iwssmp.p2@gmail.com |

वातावरण संरक्षण ऐन २०७६, को दफा ३ को उपदफा ५ बमोजिम यस प्रस्तावको कार्यान्वयनको क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको जनप्रतिनिधि, स्थानीय, तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुसंग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्नलिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना हुने भएकोले उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय-सुझावहरु दिनु हुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

| | |
|---|---|
| **स्थान** | श्री नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, नेपालगञ्ज, बाँके । |
| **मिति:** | २०८०/०५/३१ |
| **समय:** | दिनको ३:०० बजे |



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SKY GOLDSMITH SDN BHD

पुर्व स्वीकृति मिति २०७९/03/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२२ LT. No. 265969 चलानी नं.६०१८२३९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 19 | 1500 | ४२,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २/३/४ गते (19/20/21 Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLAIRVOYANT TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति २०८०/04/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२२ LT. No. 290157 चलानी नं. ६०२०६९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Exterior Cleaner | 21 | 0 | 900 | ३२,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 9 | 0 | 900 | ३२,५३५ | | | | | | | |
| 3 | Cleaner/public Bildings | 16 | 0 | 900 | ३२,५३५ | | | | | | | |
| 4 | Cleaning Worker | 11 | 0 | 900 | ३२,५३५ | | | | | | | |
| 5 | Labour Supervisor | 1 | 0 | 900 | ३२,५३५ | | | | | | | |
| 6 | Ordinary Worker | 12 | 0 | 900 | ३२,५३५ | | | | | | | |
| 7 | Wiring Electrician Assistant | 5 | 0 | 900 | ३२,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३० गते (16th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**

श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GENOA PLASTIC INDUSTRIES KUWAIT

पुर्व स्वीकृति मिति : २०७९/04/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/२२ LT. No. 268801 चलानी नं.६०१८४५८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | 0 | 150 | ६२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper/labor/cleaner | 60 | 0 | 100 | ४१,३५५ | | | | | | | |
| 3 | Storekeeper / Admin | 15 | 0 | 150 | ६२,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३० गते (16th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

### बलात्कार आरोपमा अभिनेतालाई ३० वर्ष जेल सजाय

अमेरिकी अभिनेता ड्यानी मास्टरसनलाई दुई महिलालाई बलात्कार गरेको आरोपमा ३० वर्षको जेल सजाय सुनाइएको छ। मास्टरसनलाई सन् २००३ मा महिलालाई बलात्कार गरेको तीनवटा छुट्टाछुट्टै मुद्दामा अभियोग लगाइएको थियो। लस एन्जलिसको अदालतमा बुधबार भएको सुनुवाइमा न्यायाधीशले अभिनेतालाई दुईवटा मुद्दामा दोषी ठहर गरेको हो। तर, तेस्रो मुद्दामा भने कुनै निष्कर्षमा पुग्न सकिएन। चर्च अफ साइन्टोलोजीका पूर्व सदस्य रहेका तीन महिलाले मास्टरसनमाथि सन् २००१ र २००३ बीच आफ्नो हलिउड हिल्सको घरमा बलात्कार गरेको आरोप लगाएका थिए।



## वर्ल्ड प्रिमियरका लागि 'गोर्खा वारियर' सेन्सर पास




■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तराष्ट्रिय नेपाली चलचित्र 'गोर्खा वारियर' हलिउडको प्रिमियर केन्द्र मानिएको लिसेस्ट स्क्वायर लन्डनको प्रतिष्ठित आइम्याक्स सिनेवर्ल्डमा यही भदौ २४ गते अर्थात् १० सेप्टेम्बरमा रेड कार्पेट प्रिमियर हुँदैछ। सो रेड कार्पेट प्रिमियरको लागि यो चलचित्र बेलायतमा सेन्सर पास भएको छ। यो चलचित्रले बेलायतमा प्रदर्शन गर्दा १५ वर्ष वा सो भन्दा माथिका उमेर समुहले हेर्न पाउने सेन्सर सर्टिफिकेट बेलायतको फिल्म सेन्सर बोर्डबाट पाएको छ।

सेन्सरबारे यो चलचित्रका निर्माता निर्देशक मिलन चाम्सले भने,'गोर्खालीको वीरताको गाथा प्रस्तुत गरिएको यो चलचित्रमा गोर्खालीहरुले मलाया युद्धमा सफलता हाँसिल गरेका दृष्यहरु समेटिएका छन्। द्वन्द्वयुक्त ती युद्ध दृष्यहरुलाई मध्यनजर राख्दै यहाँको सेन्सर बोर्डले यसलाई १५ वर्ष भन्दा माथिका दर्शकले हेर्न मिल्ने गरी सेन्सर सर्टिफिकेट प्रदान गरेको हो।'

यो रेड कार्पेट प्रिमियरको लागि बिगत दुई साता देखि बेलायतमा तयारी गरिरहेका निर्माता निर्देशक चाम्सले भने,'हामी १० सेप्टेम्बरमा यहाँको आइम्याक्स सिनेवर्ल्डमा गोर्खा वारियरको प्रिमियरको पूर्ण तयारीमा छौं। यो प्रिमियरमा सहभागी हुन हामीले बोलाएका पाहुनाहरु देश बिदेशबाट धमाधम यहाँ आईरहनु भएको छ र भोली बिहानसम्म उहाँहरु सबै आईपुग्नु हुनेछ।' उनले अगाडि थपे,'यो प्रिमियरका लागि नेपालबाट यस चलचित्रका कलाकार, प्राविधिक, सञ्चारकर्मी तथा सम्बन्धित संघ संस्थाका पदाधिकारी एवम् डिप्लोम्याट्सहरु पनि बेलायत तर्फ उडिसक्नु भएको छ।'

वेलायतमा हुने यो अन्तराष्ट्रिय रेड कार्पेट प्रिमियरले नेपाली चलचित्रलाई विश्वमा चिनाउने र नेपाली चलचित्रको बजार विश्वव्यापी रुपमा विस्तार हुनेमा आफुहरु विश्वस्तरहेको पनि उनले बताएका छन्।

'बेलायतका प्रधानमन्त्री ऋषि सुनकले चलचित्र गोर्खा वारियरको सफलताको लागि शुभकामना दिनु भएको छ भने हाम्रो चलचित्रको अन्तराष्ट्रिय प्रिमियरका लागि नेपाल तथा बेलायतमा रहेको विभिन्न संघ सँस्थाबाट धमाधम शुभकामना प्राप्त भएको छ। यो शुभकामनाले हामीलाई अझ धेरै हौसला थपेको छ र हामी नेपालीको शिर उच्च बनाउने अभियानमा सफल भईरहेका छौं।' निर्देशक चाम्सले भने। उनका अनुसार यो चलचित्रको सफलताको लागि नेपाल चलचित्र निर्माता संघ, नेपाल चलचित्र निर्देशक समाज तथा बेलायतमा रहेको विभिन्न संघ संस्थाबाट सफलताको शुभकामना प्राप्त भएको छ।

यो चलचित्र यही १० सेप्टेम्बर अर्थात २४ भदौमा बेलायतको समय अनुसार मध्यान्न १२ बजेबाट लिसेस्ट स्क्वायर लन्डनको प्रतिष्ठित आइम्याक्स सिनेवर्ल्डमा प्रिमियर कार्यक्रम सुरु हुने भएको छ। प्रिमियरमा यसपटक हलिउडका सेलिब्रेटी देखि बेलायत तथा नेपालका सेलिब्रेटी समेत सहभागी हुँदैछन्। बेलायतका राजपरिवार, सरकारी तथा कुटनीतिक नियोगका विशिष्ट व्यक्तित्वहरु, ब्रिटिस सेनाका अफिसरहरु, त्यहाँ रहेका विभिन्न नेपाली नियोग तथा संघ संस्थाका पदाधिकारीहरु पनि रेड कार्पेट प्रिमियरमा विशिष्ट अतिथिका रुपमा सहभागी हुने भएका छन्। यो प्रिमियरको लागि लन्डानको महानगर प्रहरीले सुरक्षा दिने भएको छ।

गोर्खा वारियरको ऐतिहाँसिक रेड कार्पेट प्रिमियरको सम्पूर्ण टिकेट गत साता नै बिक्री भईसकेको छ। अझै थुप्रै प्रिमियर शो बेलायतमा राख्नको लागि उच्च माग आएको पनि निर्देशक चाम्सले जानकारी गराएका छन्। गोर्खा वारियर प्रिमियर तयारीको समाचारलाई कैयौं अन्तराष्ट्रिय सञ्चार माध्यमले उच्च महत्वका साथ प्रकाशन प्रशारण गरेको पनि निर्माता निर्देशक चाम्सले जानकारी गराएका छन्।

चलचित्र गोर्खा वारियार नेपाली, अङ्ग्रेजी र हिन्दी भाषामा प्रदर्शन हुने भएको छ। लन्डनको यो ऐतिहाँसिक प्रिमियर पछि फिल्मको विश्वव्यापी रिलिज मिति घोषणा गरिने भएको छ। यो चलचित्रमा रितेश चाम्सले अभिनेताको रुपमा डेब्यु गरेका छन्। उनीसँगै यसमा विजय लामा, रेविका गुरुङ, रियर राई, शिशिर बाङ्देल, कविता आले, बिरूप घले, सारा राईलगायतका कलाकारहरुको मुख्य भूमिका रहेको छ।

लन्डन सिनेआई प्रोडक्सनको प्रस्तुति र चाम्स इन्टरटेनमेन्टको सहकार्यमा निर्माण भएको यो चलचित्रको निर्मातामा मिलन चाम्स, सुमन राई, सुस्मिता वाइवा छन्। यस्तै कार्याकारी निर्मातामा प्रशान्त थापा, राजेन्द्र घिमिरे एवम् सहनिर्मातामा सुरेश राई रहेका छन्। गोर्खा वारियरमा मिलन चाम्स र गिरिराज घिमिरेको लेखन, मिलन श्रेष्ठको सम्पादन, सुदीप बरालको डीओपी, हिमाल केसीको द्वन्द्व निर्देशन, शैलेन्द्र खनाल 'शरद'को गीत, एलिस कार्कीको संगीत, राजेशपायल राईको गायन, राजेन्द्र मोक्तानको रँग सँयोजन रहेको छ। यो चलचित्रको हिन्दी भर्सनमा भारतीय गायक सानको स्वरमा गीत रहेको छ। यो चलचित्रमा युद्धसँगै गोर्खाली सैनिकको परिवारसँग बिछोडिँदाको मार्मिक कथा पनि समेटिएको छ।

## प्रकाश सपुतको डेब्यू फिल्म 'परदेशी २' असोज २६ मा



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'परदेशी २' आगामी असोज २६ गतेबाट प्रदर्शनमा आउने भएको छ। दसैंको फूलपाती (कात्तिक ४) मा प्रदर्शन आउने तयारीमा रहेको यो फिल्म एक साता अगाडि नै आउने भएको हो।

यो फिल्म कात्तिक ४ मा रिलिज हुने भनिएको फिल्म 'पशुपति प्रसाद २ : भस्मे डन'सँग जुध्न लागेको थियो। अहिले उक्त फिल्मका टिमसँग सल्लाह गर्दै अलग-अलग प्रदर्शन गर्न लागेका हुन्। 'परदेशी २' असोज २६ गते (घटस्थापनाको दुई दिन अगाडि) र 'भस्मे डन' कात्तिक ४ गते (फूलपाती)बाट प्रदर्शन गर्ने सहमति दुवै फिल्मबीच भएको छ।

दुवै फिल्मका निर्माताले एक संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै चौथौं पटकको छलफलमा अलग-अलग मितिमा फिल्म प्रदर्शन गर्ने सहमति भएको जनाएका छन्। 'जुधेर होइन जुटेर सफलता हात पार्न सकिन्छ भन्ने कुराको पाठ नेपाली फिल्मका कतिपय जुधाईले हामीलाई सिकाइसकेको छ। त्यसैले पनि हामी जुधेर होइन जुटेर जाने निर्णय गर्यौं' विज्ञप्तिमा भनिएको छ।

नारायण रायमाझी निर्देशित 'परदेशी २' मा प्रकाश सपूत, केकी अधिकारी, वर्षा सिवाकोटी, दिलीप रायमाझी, प्रशान्त तामाङ, नीर शाह, रमा थपलिया, सुशील पोखरेल, सविन बास्तोला, भीमा मैनाली, देवेन्द्र बब्लु, रोशनी कार्कीलगायतको अभिनय छ।

गायक सपूतले यही फिल्मबाट अभिनेताको रूपमा डेब्यू गरेका हुन्। फिल्मको निर्मातामा राजेश बंशल र निर्देशक रायमाझी रहेका छन्।



## नेपाल र म्यानमारबीचको मैत्रीपूर्ण खेल गोलरहित बराबरी




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल र म्यानमारबीच शुक्रबार खेलिएको पहिलो मैत्रीपूर्ण फुटबल खेल गोलरहित बराबरीमा सकिएको छ। उक्त खेल म्यानमारको याङ्गुमान खेलिएको थियो। खेलका क्रममा दुवै टोलीले गोल गर्ने केही गतिला अवसर खेर फालेका थिए। फिफा फ्रेन्डली अन्तर्गत म्यानमारमा भएको खेलको ५८ औं मिनेटमा नेपालले पाएको पेनाल्टी म्यानमारका गोलकिपर क्यान सजिन फियोले रोके। नेपालका लागि अञ्जन विष्टले पेनाल्टीलाई गोलमा परिणत गर्न सकेनन्।

पेनाल्टी बक्स भित्र म्यानमारका डिफेन्डरले बल रोक्दा ह्यान्ड बल भए पछि नेपालले पेनाल्टीको मौका पाएको थियो। पहिलो हाफमा दुवै टिमले केही मौका बनाए पनि दुवै टिमले गोल गर्न सकेका थिएनन्।

फिफा वरीयतामा आफूभन्दा १५ स्थान माथिको म्यानमारसँग यसभन्दा अघि नेपालले २ खेल खेल्दै दुवै खेलमा हार बेहोरेको थियो।

नेपाल फिफा वरीयतामा १७५ औं स्थानमा छ भने म्यानमार १६० औं स्थानमा छ। नेपालले दोस्रो खेल सोमबार खेल्नेछ।

नेपालले म्यानमारसँग दोस्रो मैत्रीपूर्ण खेल आगामी सोमबार खेल्नेछ। नेपालले सन् २०२६ मा आयोजना हुने फिफा विश्वकप र सन् २०२७ मा आयोजना हुने एएफसी एसियन कपको छनोटको प्रारम्भिक चरणको तयारीका लागि म्यानमारसँग मैत्रीपूर्ण खेल खेलेको हो।

नेपालले विश्वकप र एसिया कप छनोटको प्रारम्भिक चरणमा अक्टोबर १२ र १७ तारिखमा लाओसको सामना गर्दैछ। मैत्रीपूर्ण खेल खेल्न म्यानमारमा रहेको नेपाली टोलीमा गोलरक्षकका रुपमा किरणकुमार लिम्बु, दीप कार्की र अभिषेक बराल रहेका छन्।

डिफेन्डरमा सनिस श्रेष्ठ, अनन्त तामाङ, आशिष गुरुङ, रोहित चन्द, अञ्जन राई र छिरिङ लामा रहेका छन्। मिडफिल्डरमा एरिक बिष्ट, सुदिप गुरुङ, लाकेन लिम्बु, आवाश लामिछाने, उत्सव राई र कृतिषरत्न छुन्जु रहेका छन्। स्ट्राइकरमा आयुष घलान, नवयुग श्रेष्ठ, अञ्जन बिष्ट, मनिष डांगी, आशिष चौधरी, जिलेस्पीजंग कार्की, दिनेश हेन्जन र हिसुब थपलिया रहेका छन्। नेपाली टोलीको प्रमुख प्रशिक्षकमा भिनसेन्जो अल्बर्टो रहेका छन्। टोलीका अन्य पदाधिकारीमा प्रवेश कट्वाल, विनोद महर्जन, उत्तम राजभण्डारी, आविष्कार पुडासैनी, दीपेन्द्र धिमाल, विकास गुरुङ र सुवाष लामा रहेका छन्।

### आईसीसी महिला टी-२० विश्वकप छनोट

## थाइल्याण्डसँग पराजित हुँदै बाहिरियो नेपाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल महिला टी-ट्वान्टी विश्वकपको एसिया छनोटको सेमिफाइनलमा थाईल्यान्डसँग पराजित भएको छ। पराजित भएसँगै पहिलो पटक विश्वकपको ग्लोबल छनोटमा स्थान बनाउने नेपालको सपना अधुरै रहेको छ। शुक्रबार भएको सेमिफाइनलमा नेपाल ४६ रनले पराजित भएको हो। थाइल्यान्डले दिएको १ सय ६ रनको लक्ष्य पछ्याएको नेपाल १९ दशमलब ३ ओभरमा ५९ रनमा अलआउट भयो।

नेपालका लागि कविता कुवँरले अविजित १७ रन बनाईन्। कविता जोशी र अप्सरी बेगमले समान १०/१० रन बनाए। अन्य नेपाली ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। थाईल्यान्डका लागि ओन्निचा कामचोम्फु र थिप्चा पुत्थावोंगले समान ३/३ विकेट लिईन्। त्यसअघि टस हारेर




पहिले ब्याटिङ गरेको थाईल्यान्डले निर्धारित २० ओभरमा २ विकेट गुमाएर १ सय ५ रन बनाएको थियो। थाईल्यान्डका लागि नान्नापत खोन्चरोएनकाईले ६३ बलमा अविजित ५९ रनको अर्धशतकीय ईनिङ खेलिन्। नट्थाकन चान्थम्ले ४५ बलमा ३१ रन बनाईन्। नेपालका लागि कविता कुवँर र पूजा महतोले समान १/१ विकेट लिएका थिए। यस खेलमा विजेता भएसँगै थाईल्यान्डले टी-ट्वान्टी महिला विश्वकप २०२४ को ग्लोबल छनोटमा स्थान बनाउने छ।

सन् २०१३ देखी देखी सुरु भएको ग्लोबल छनोटमा नेपालले हालसम्म स्थान बनाउन सकेको छैन। २०२० मा विश्वकप खेलेको र पछिल्लो समय सानदार प्रदर्शन गर्दै आएको थाईल्यान्डविरुद्ध नेपालले खराब प्रदर्शन गरेको थियो।

## सितोरियो कराते अध्यक्षमा दावा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सितोरियो कराते संघको दोश्रो साधारण सभा तथा महाधिवेशनले दावा गुरुङलाई अध्यक्ष पदमा निर्विरोध निर्वाचित गरेको छ। बाराको निजगढमा भएको संघको साधारण सभाले अध्यक्षमा गुरुङलाई पुन निर्विरोध चयन गरेको हो। बरिष्ठ उपाध्यक्षमा मजेन्द्र सिंह, उपाध्यक्षहरुमा राजिव थापा, किशोर भट्टराई र पाल्छाङ हेन्जन निर्वाचित भए।

सदस्यमा देवकुमार लामा, प्रकाश मोहन धौवडेल, प्रेमलाल बोम्जन, बिजयमान थापा, मिलन राज प्रसाई, हरि बहादुर घर्ती, राजेन्द्र बराल, हेमन्त कुमार मल्ल, मनिराम थापा, उमा महतो, बिजय बस्नेत, धर्म प्रसाद न्यौपाने, बिजय गुरुङ, मधु लामा, राधिका देउला, जानकी सेढाई महर्जन, कृष्ण गौतम, प्रेम बहादुर राना र ज्ञान बहादुर जिम्वा निर्वाचित भए।

सर्वसम्मत रुपमा निर्वाचित भएका पदाधिकारी तथा सदस्यहरुलाई निर्वाचन टोलीका प्रमुख अधिवक्ता गोपी बहादुर भण्डारी, लोक बहादुर खुलाल र नेपाल कराते महासंघका अध्यक्ष युवराज लामाले एक बिशेष समारोहबीच पद तथा गोपनियताको सपथ ग्रहण गराएका थिए।

नेपाल सितोरियो कराते संघको नयाँ संशोधित बिधान अनुसार अध्यक्ष-१, बरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-३ र १९ जना सदस्यहरु सहित २५ सदस्यहरु निर्वाचित र बाँकी मनोनित र आमन्त्रित सदस्य गरि २९ जनाको कार्य समिति रहने ब्यवस्था छ।

बाँकी पदहरु उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सल्लाहकार सहित अन्य थप सदस्यहरु मनोनित गर्ने अधिकार अध्यक्षको रहने नेपाल सितोरियो कराते संघका प्रवक्ता गजेन्द्र बहादुर खपाङ्गीले जानकारी दिए।

# 'चामलको मूल्य १५ वर्षयताकै उच्च विन्दुमा'

**पेरिस–** प्रमुख निर्यातक भारतले केही धानको विदेशी बिक्रीमा प्रतिबन्ध लगाएपछि अगस्ट महिनामा विश्वव्यापी धानको मूल्य १५ वर्षयताकै उच्च बिन्दुमा पुगेको खाद्य तथा कृषि संगठन (एफएओ) ले शुक्रबार जनाएको छ ।

एफएओले एक मासिक प्रतिवेदनमा भनेको छ, ' अगस्टमा विश्वव्यापी खाद्य पदार्थको मूल्यमा कमी आए पनि चामलको मूल्य अघिल्लो महिनाको तुलनामा ९.८ प्रतिशतले बढेको छ, जसले भारतले इन्डिका सेतो चामलको निर्यातमा प्रतिबन्ध लगाएपछि व्यापारमा आएको अवरोधलाई प्रतिबिम्बित गर्दछ ।'

संयुक्त राष्ट्र एजेन्सीले भनेको छ, 'प्रतिबन्धको अवधिको बारेमा अनिश्चितता र निर्यात प्रतिबन्धहरूको चिन्ताको कारण आपूर्ति-श्रृंखलामा प्रमुख निर्यातकहरूले भण्डारणलाई बलियो बनाउन, पुनः वार्ता गर्न वा मूल्य प्रस्तावहरू गर्न बन्द सम्झौताहरू गरे, जसले गर्दा अधिकांश व्यापारलाई सानो आयातनमा सीमित गर्‍यो ।'

कोभिड महामारी, युक्रेनमा जारी युद्ध र एल निनो मौसमी घटनाले उत्पादनको स्तरमा पारेको प्रभावका कारण अन्तर ाष्ट्रिय बजारमा चामलको मूल्य बढेको हो । भारतले जुलाईमा गैर-बासमती सेतो चामलको निर्यातमा प्रतिबन्ध लगाउने घोषणा गरेको थियो । भारतले गैर-बासमती सेतो चामलको कूल उत्पादनमध्ये लगभग एक चौथाई उत्पादन गर्छ ।

उपभोक्ता मामिला तथा खाद्य मन्त्रालयले उक्त कदमले 'पर्याप्त उपलब्धता सुनिश्चित गर्ने' र 'घरेलु बजारमा मूल्यवृद्धिलाई कम गर्ने' बताएको थियो ।

विश्वको कुल चामल ढुवानीमा ४० प्रतिशतभन्दा बढी हिस्सा भारतले ओगटेको छ । तथ्याङ्क मुल्याङ्कन फर्म ग्रो इन्टेलिजेन्सले जुलाईमा प्रतिबन्धले अफ्रिकी देशहरू टर्की, सिरिया र पाकिस्तानलाई असर गर्ने चेतावनी दिएको थियो । यी सबै राष्ट्रहरू पहिले नै उच्च मुद्रास्फीतिसँग संघर्ष गरिरहेका थिए ।

विश्वको सबैभन्दा ठूलो चामल आयातकर्तामध्येको एक फिलिपिन्सले बिहीबार भियतनामसँग चामल खरिदका लागि पाँच वर्षे सम्झौता गरेको छ । एफएओका अनुसार, भारत र चीनसँग अघिल्लो बर्ष जस्तै यस परिमाणको लगभग तीन चौथाई हिस्सा रहेकाले विश्वमा चामलको मौज्दात १९ करोड ८१ लाख टन पुग्ने अनुमान गरिएको छ । यो संख्या सोही अवधिमा धान खपत हुने अनुमानको करिब ३८ प्रतिशत हो । तर बाँकी विश्वसँग रहेको धानको मौज्दातमा लगातार दोस्रो पटक संकुचन आउने अनुमान गरिएको छ । एल निनोले अर्को बालीमा पनि नकारात्मक प्रभाव पार्न सक्छ ।

प्रमुख खाद्यान्न उत्पादक राष्ट्र रुस र युक्रेनबीच गत वर्ष युद्ध सुरु भएपछि बढेको विश्वव्यापी खाद्य वस्तुको मूल्य क्रमशः घट्दै गएको अवस्थामा भारतीय प्रतिबन्धले चामलको फेरि उच्च माग आएको हो ।

*रासस/एएफपी*

# हङकङमा १४० वर्षयताकै सबैभन्दा बढी वर्षा

**हङकङ–** हङकङमा शुक्रबार करिब १४० वर्षयताकै सबैभन्दा भारी वर्षा भएको छ । वर्षाका कारण शहरका सडक र केही सबवे स्टेसनहरू पानीमा डुबेका छन् र यसका विद्यालयहरू बन्द गर्न बाध्य भएका छन् ।

सन् १९५२ मा सुरु भएको रेकर्डपछि चीनको प्रबिधि केन्द्र शेन्जेनका अधिकारीहरूले सबैभन्दा बढी वर्षा भएको बताएका छन् ।

विशेषज्ञहरू भन्छन्, ' जलवायु परिवर्तनले उष्ण कटिबन्धीय आँधीबेहरीको तीव्रता बढाएको छ । अधिक वर्षा र तीव्र हावाहुरीका कारण आकस्मिक बाढी र तटीय क्षेत्रमा क्षति भएको छ ।'

अधिकारीका अनुसार हङकङमा बिहीबारदेखि भारी वर्षा सुरु भएको थियो र मध्यरातसम्म, शहरको मौसम विज्ञान कार्यालयले यसको मुख्यालयमा प्रति घण्टा १५८.१ मिलिमिटर वर्षा रेकर्ड गरेको थियो । यो १८८४ मा रेकर्ड सुरु भएयताको सबैभन्दा धेरै हो ।

शुक्रबार अपरान्ह अस्पताल प्रशासनले कस्तीमा ११० जना घाइते भएका र चार जनाको अवस्था गम्भीर रहेको जनाएको छ । पश्चिमी हङकङ टापुको किनारमा एक व्यक्ति अचेत अवस्थामा फेला परेको उपचारका क्रममा अस्पतालमा मृत घोषित गरिएको छ, यद्यपि अधिकारीहरूले अझै पनि मृत्यु बाढीसँग सम्बन्धित छ कि छैन भनेर अनुसन्धान गरिरहेका छन् । 'मलाई याद छैन कि हाम्रो जिल्लामा बाढी यति खराब भएको थियो,' आफ्ना वृद्ध आमाबाबुसँग वोङ ताई सिन जिल्लामा बस्दै आएका ५२ वर्षीय ज्याकीको भनाइ उल्लेख गर्दै एएफपीले भनेको छ । अधिकारीहरूले आकस्मिक बाढीको चेतावनी जारी गरेका छन् र आपतकालीन सेवाहरूले यस क्षेत्रका केही भागहरूमा उद्धार कार्य सञ्चालन गरिरहेका छन् ।

'नदीको नजिक बस्ने बासिन्दाहरूले मौसमको अवस्थाप्रति सतर्क रहनुपर्दछ र यदि उनीहरूको घरहरू बाढीमा डुबेका छन् भने उनीहरूलाई सुरक्षित स्थानमा सार्न विचार गर्नुपर्छ,' हङकङको मौसम विज्ञान कार्यालयले भनेको छ । कार्यालयले सम्भावित भूस्खलनको चेतावनी दिँदै सवारी चालकहरूलाई 'भिरालो क्षेत्र र अग्ला पर्खालहरूबाट टाढा रहन' भनेको छ । बढी र डुवानका कारण जनजीवन प्रभावित बनेपछि हङकङको स्टक एक्सचेन्जले शुक्रबारका सबै कारोबार रद्द गरेको छ ।

*रासस/एएफपी*

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JAWHIR ALWEDAD CO. LTD

पूर्व स्वीकृति मिति २०८०/०५/१५ | LT. No. : 291943 | चलानी नं.: ६०२०७१४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | kitchen tools cleaner | 3 | 0 | 1000 | ३५,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३० गते (16th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

**SUHASHA LINK PVT. LTD.**
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FORCE 77 SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२२ | LT. No. 284838 | चलानी नं. ६०२००२७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 48 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३० गते (16th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.१५९४/०७९/८०

**Global Dynamic Manpower Solution Pvt. Ltd**
Sinamangal-9, Kathmandu, Nepal. Contact: +977- 9806931497
E-mail: globaldynamics1594@gmail.com

## साउदी/बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-DAGHM MODERN COMPANY FOR INDUSTRY

पूर्व स्वीकृति मिति २०८०/०५/२१ | LT. No. 292234 | चलानी नं.६०२०७३५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 8 | 0 | 1800 | ६३,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHARIFAH BEAUTY CENTRE

पूर्व स्वीकृति मिति २०८०/०५/२१ | LT. No. 292092 | चलानी नं.६०२०७३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५२,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३० गते (16th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Fax : +977-1-4112759
E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOHA OASIS REAL ESTATE INVESTMENT- OASIS QUEST

पूर्व स्वीकृति मिति २०८०/०५/२१ | LT No.292246 | चलानी नं. ६०२०७३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 5 | 0 | 1500 | ५४,७०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 2 | 5 | 1400 | ५१,०५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३० गते (16th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal, Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL JAZERA MARKETS CO.

पूर्व स्वीकृति मिति: २०८०/०५/२२ | LT. No.292176 | चलानी नं. ६०२०७३८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelving Labour | 20 | 0 | 1000 | ३५,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY, a closed joint stock company

पूर्व स्वीकृति मिति: २०७९/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२२ | LT. No.261315 | चलानी नं. ६०१८४६८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 33 | 0 | 1000 | ३५,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३० गते (16th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०

**Pigeon International Overseas Pvt. Ltd**
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EVER BEST INDUSTRY SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०७/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२२ | LT. No. 274330 | चलानी नं. ६०१९०१८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३० गते (16th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com
Govt. License 776/065/066

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WAHAT ALKHAYAL HOSPITALITY & CLEANING

पूर्व स्वीकृति मिति २०८०/०५/१९ | LT. No. 291946 | चलानी नं.६०२०७३८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 0 | 2 | 1200 | ४३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३० गते (16th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TANMYAH SERVICES (L.L.C)

पूर्व स्वीकृति मिति २०७९/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२२ | LT. No.283638 | चलानी नं. ६०१९२१२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 100 | 800 | २८,९२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Warehouse Helper | 74 | 0 | 1000 | ३६,१५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३० गते (16th Sep. 2023) मा हुनेछ ।**

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1102/073/074

**(डि. के. रिभर ओभरसिज प्रा.लि)**
**DK RIVER OVERSEAS (P.) LTD.**
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फचाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ११२००० | प्रति तोला – १११४५० | प्रति तोला – १४१० |



**चार्जिङ स्टेसन** | नेपालगन्जबाट सुर्खेत यात्रु लिएर आएको माइक्रोबस सुर्खेत बसपार्कमा रहेको विद्युतीय चार्जिङ स्टेसनमा । *तस्बिरः हेमन्त केसी/रासस*

# एमसीसीले गर्न लागेको जग्गा अधिग्रहणमा स्थानीयवासी असन्तुष्ट

■ प्रभाव संवाददाता

**दमौली–** मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) परियोजनाअन्तर्गत तनहुँमा अधिग्रहण गर्न लागिएको जग्गाको मुआब्जामा व्यास नगरपालिका-१३ का स्थानीयले विरोध जनाएका छन् । त्यस क्षेत्रका बासिन्दाले बिहीबार प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई ज्ञापनपत्र बुझाउँदै नागरिकको माग तथा गुनासो सुनुवाइ नगरी एकतर्फी रुपमा जग्गा अधिग्रहणको सूचना प्रकाशित गरिएकामा विरोध जनाएका हुन् ।

प्रसारण लाइनको टावर पर्ने भनी उल्लेख गरिएको तारमुनिका बारेमा केही नबोलिएको भन्दै प्रसारण लाइनको सर्भे गर्दादेखि नै आयोजनाबाट वैज्ञानिक रुपमा नसोचिएको बताइएको छ । केही दिनअघिको भेलाबाट स्थानीय जग्गाधनीहरुले सरोकार समितिको गठनसमेत गरेका छन् । सरोकार समितिले एमसिसी परियोजनाको जग्गा अधिग्रहणको नीतिप्रति असहमति जनाउँदै जग्गा अधिग्रहण गर्न नदिने निर्णय गरेको सरोकार समितिका संयोजक उमाकान्त रेग्मीले जानकारी दिए ।

रातमाटे-दमौली-बुटवल चार सय केभी प्रसारण लाइनमा परेका जग्गाधनीहरुसँग कुनै परामर्श नै नगरी जिल्ला प्रशासन कार्यालयले जग्गा अधिग्रहणसम्बन्धी सूचना प्रकाशन गरेकोप्रति आफूहरुको असहमति रहेको उनको भनाइ छ । कृषिलाई प्राथमिकता दिने भनी राज्यले नीति बनाउने भन्ने र विभिन्न बहानामा कृषियोग्य जग्गा नष्ट गर्ने काम भएको सरोकार समितिका सचिव अशोकराज पन्थले बताए । उनले उचित विकल्प खोजी प्रसारण लाइन लैजानुपर्नेमा विकल्प नखोजिएको गुनासो गरे । उनले भने, 'प्रभावित कृषकको पुस्तौँदेखि जीविकोपार्जन गर्दै आएको पैतृक जमिन पूर्ण रुपमा नष्ट हुने हुँदा जग्गा अधिगहणमा हाम्रो मन्जुरी छैन ।'

नेपाल सरकार, मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए नेपाल) द्वारा सञ्चालित चार सय केभी विद्युत् प्रसारण आयोजनाका लागि प्रशासन कार्यालयले जग्गा अधिग्रहण प्रक्रिया सुरु गरेको थियो । त्यसका लागि जिल्ला प्रशासन कार्यालय तनहुँले यही भदौ १२ गते सूचना जारी गरेको छ ।

आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका, व्यास नगरपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकामा पर्ने जग्गा तथा जग्गामा रहेका घरगोठ, टहरा, कटेरा तथा रूखबिरुवासमेत स्थायी रुपमा अधिग्रहण गर्ने गरी जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ को उदफा १ को प्रयोजन र जग्गाको स्वामित्वमा फरक पर्न गएको भएमा सो समेतको दाबीका लागि २१ दिने सूचना प्रकाशित गरिएको सहायक प्रजिअ काशिराम गैरेले जानकारी दिए ।

उक्त ऐनको दफा १० अनुसार सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सरोकारवाला व्यक्तिले प्राप्त गरिने जग्गामा कुनै घर, टहरा, रूखबिरुवा बालीनालीलगायत अन्य संरचना भए सो समेतको मुआब्जा तथा क्षतिपूर्ति दाबी गर्न हकदैया वा भोगचलनसम्बन्धी निस्सा प्रमाणसहित रितपूर्वकको निवेदन कार्यालयमा दिन आग्रह गरिएको छ ।

साथै जग्गा प्राप्त गर्नु नपर्ने कुनै मनासिब कारण भए त्यसको कारण खोली ऐनको दफा ११ बमोजिम सूचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक सात दिनभित्र कार्यालयमार्फत गृह मन्त्रालयमा उजुरी गर्न सकिने सहायक प्रजिअ गैरेले बताए । प्रसारण लाइन निर्माणका लागि आँबुखैरेनी गाउँपालिका-४ को पुरेबैंसीबाट उत्तर, लोप्याङबाट दक्षिण, सिउरेनीबाट उत्तर, वडा नं ४ कै काफलडाँडाबाट उत्तर, वडा नं ५ को लाब्दीबाट दक्षिण, वडा नं ५ कै बगाई नजिक, वडा नं ६ को डाँडागाउँबाट उत्तर, सिरानुखोलाबाट दक्षिण, घोरेगाउँबैंसीबाट उत्तर, ज्यामिरे र छापस्वाराबाट दक्षिण, जलभञ्ज्याङ नजिकैको जग्गा अधिग्रहण गरिनेछ ।

बन्दीपुर गाउँपालिका-६ को बनगिया नजिक, कल्लेरीबाट उत्तर, गाम्पाबाट दक्षिण, बासपानीबाट उत्तर, वडा नं ३ को माथिल्लो हलथुम्का नजिकै कुकुर्दीबाट दक्षिण, वडा नं २ को बेलकुनाबाट दक्षिण, धितालडाँडाबाट उत्तर, व्यास नगरपालिका-१४ को आफ्रेडाँडाबाट उत्तर, ठूडेगैराबाट दक्षिण, वडा नं १३ को बेलभञ्ज्याङ, डाँडाचोकबाट दक्षिण, चारघरेबाट उत्तर, थामेडाँडा नजिकै, लामेटारीबाट दक्षिण, बेलचौताराबाट उत्तर, भड्खालाबाट दक्षिणतर्फको जग्गा अधिग्रहण गरिनेछ ।

ऋषिङ गाउँपालिका-१ को डाँडाखुदी नजिकै बाँझोबाट उत्तर, अङ्गेरीथुम्का नजिकै तल्लो सेटाङबाट उत्तर, वडा नं ६ को धरमपानीबाट उत्तर, ज्यामिरेखानबाट दक्षिण, वडा नं ७ को देउरीपानीबाट उत्तर, वडा नं ७ को बारी लिकन्दीबाट दक्षिण, वडा नं ८ को नयाँ ऋषिङबाट उत्तर, झिरुवासबाट दक्षिण धारुङबाट उत्तर, वडा नं ८ कै धरुम भञ्ज्याङबाट दक्षिणको जग्गा अधिग्रहण गरिनेछ ।

घिरिङ गाउँपालिका-८ को मोचाबारीबाट दक्षिण गोर्दी र मचाबारीबाट उत्तर, वडा नं ५ को धाकर्दीबाट दक्षिण, बेलभञ्ज्याङबाट पूर्व साभुङ र मानपुरबाट दक्षिण, वडा नं ३ को खिलाबाट दक्षिण, पोखरीछाप र डाँडाथोकबाट दक्षिण, गैराथोक नजिकै, नेवार हटिया नजिकै, सिलिङचोकबाट दक्षिण, वडा नं २ को फलादीबाट दक्षिण, देउरालीबाट उत्तर, दुमकोटबाट उत्तर, वडा नं १ को चडमराङबाट उत्तरतर्फको जग्गा अधिग्रहण गरिनेछ । परियोजनामार्फत रातमाटेदेखि नयाँ दमौली र नयाँ बुटवलदेखि नयाँ दमौलीसम्म प्रसारण लाइन निर्माण हुनेछ ।

## काभ्रेमा 'फूड फेस्टिभल'

**काभ्रेपलाञ्चोक (प्रस)–** परम्परागत खाना, संस्कृति-भेषभूषा तथा स्वच्छ परिकारको प्रवर्द्धन गर्ने उद्देश्यले शुक्रबारदेखि काभ्रेपलाञ्चोकको मुख्य सहर बनेपामा बृहत् 'काभ्रेपलाञ्चोक फूड फेस्टिभल, नेवारी सुकुल भोज तथा सांस्कृतिक कार्यक्रम' सुरु गरिएको छ ।

दुई दिने उक्त कार्यक्रमअन्तर्गत बनेपास्थित अरनिको पार्टी प्यालेसमा नेवारी सुकुल भोज तथा रेडक्रस चोकदेखि भीमसेनस्थानसम्मको मार्गमा फूड फेस्टिवल तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको हो । काभ्रेपलाञ्चोक होटल तथा रेष्टुराँ व्यवसायी सङ्घ र पार्टी प्यालेस तथा क्याटरिङ सङ्घद्वारा आयोजित फेस्टिभलको बनेपा नगरप्रमुख शान्तिरत्न शाक्य र उपप्रमुख विमला सापकोटाले बेलुन उडाएर संयुक्तरुपमा उद्घाटन गरे । उक्त अवसरमा विभिन्न झाँकी प्रस्तुत गरिएको छ । फेस्टिभलमा करिव ५० स्टलमा विभिन्न प्रकारका नेवारीलगायत खानेकुरा राखिएको होटल तथा रेष्टुराँ व्यवसायी सङ्घका जिल्लाध्यक्ष श्यामकुमार भालुले बताए ।

## पुल निर्माणका लागि बजेट अभाव

**महेन्द्रनगर (कञ्चनपुर) –** सुदूरपश्चिमको आर्थिक समृद्धिसित जोडिएको कञ्चनपुरको महाकाली नदीमा निमार्णाधीन चार लेनको पक्की पुल निर्माणको अवधि लम्बिँदै गएको छ । सुरुआतका वर्षमा निर्माणले गति पाए पनि निर्माणको अन्ततिर पुग्दा बजेट अभाव र पुलसँगै बनेका पोखरीको 'गाइडबण्ड'को 'डिजाइन भेरिएसन' नहुँदा लगायतका कारणले पुल निर्माणको अवधि लम्बिँदै गएको हो ।

महाकाली पुल योजना कार्यालयका प्रमुख महेन्द्रबहादुर गुरुङले पुल निर्माण कम्पनीलाई बजेट अभावका कारण गरिसकेको कामको समेत रकम भुक्तानी दिन नसकिएको बताए । उनले पुल निर्माण कम्पनी कुमार सिएफइसी जेभीलाई गत आर्थिक वर्षको काम गरे बापतको रु २३ करोड रकम भुक्तानी दिन नसकिएको जानकारी दिए । 'पुल निर्माण सम्पन्न गर्न अझै रु ५०/६० करोड रकम आवश्यक पर्छ', प्रमुख गुरुङले भने, 'चालु आर्थिक वर्षमा बजेट झन् घटेर आएको छ ।' पुल योजना कार्यालयका अनुसार पुल निर्माणका लागि चालु आवमा रु १८ करोड ६० लाख बजेट विनियोजित छ ।

पुलसँगै पर्यटकीय दृष्टिकोणले पनि रमणीय बनाउन यहाँ पुलको दुवैतर्फ उत्तर र दक्षिण गरी चार पोखरीसमेत निर्माण गरिएका छन् । पोखरीको गाइडबण्डका लागि ठूला ढुङ्गा उपलब्ध नहुँदा डिजाइन परिर्वतन गरिएको थियो । पोखरीको गाइडबण्डमा गएको केही दिनयता आएको बाढीले सामान्य समस्यासमेत देखिएकाले सो समस्याको पनि दीर्घकालीन समाधान खोजेर भेरिएसन स्वीकृतिका लागि पहल गरिने प्रमुख गुरुङको भनाइ छ । 'गाइडबण्डमा केही स्थानमा समस्या देखिएपछि काठमाडौँबाट परामर्शदातासहितको टोली निर्माणस्थल आउने छ,' उनले भने, 'भेरिएसन स्वीकृत भएपछि निर्माण कम्पनी तोकिएको समयभित्र निर्माण सम्पन्न गर्नसक्छ ।' पुल निर्माण कम्पनी कुमार सिएफइसी जेभीका इन्जिनियर किशोरराज पाण्डेयले पोखरीको गाइडबण्डको डिजाइन स्वीकृति प्रक्रिया लामो समयदेखि थालिएको बताए ।

'त्यही कारणले भेरिएसन प्रक्रिया रोकिएको छ', उनले भने, 'यी सबै प्रक्रियागत अल्झन नभएको भए पुलको काम सम्पन्न भइसक्थ्यो ।' उनले पुलको ९०/९१ प्रतिशत निर्माण सम्पन्न भइसके पनि आर्थिक रुपले कम्पनीले ८५ प्रतिशत कामको मात्रै भुक्तानी पाएको बताए ।

## अर्थतन्त्रलाई चलायमान बनाउन 'भरतपुर भ्रमण वर्ष'

■ प्रभाव संवाददाता

**चितवन–** आन्तरिक र विदेशी पर्यटकलाई भित्र्याउन सकेमा सुस्ताएको अर्थतन्त्र चलायमान हुने शुक्रबार आयोजित एक कार्यक्रमका सहभागीहरुले धारणा राखेका छन् । भरतपुर महानगरपालिकाले भरतपुर भ्रमण वर्ष २०२४ को सन्दर्भमा यहाँ आयोजना गरेको छलफलमा सहभागीले कोभिडसँगै सुस्ताएको अर्थतन्त्र पर्यटनमार्फत चलायमान बनाउनुपर्ने बताएका हुन् ।

स्वदेशीसँगै विदेशी पर्यटक भित्र्याउन अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्नुपर्नेमा उनीहरुको जोड थियो । कार्यक्रममा बागमती प्रदेशका पर्यटन, उद्योग तथा सहकारीमन्त्री पुष्कर महर्जनले भरतपुरको भ्रमण वर्ष बागमती प्रदेशको समेत भ्रमण वर्ष भएकाले यसलाई सफल बनाउन प्रदेशले आवश्यक सहयोग गर्ने बताए ।

नेपालमै भौतिक निर्माणमा अग्रणी रहेको भरतपुरमा भ्रमण वर्षमा पर्यटक भित्रिँदै गर्दा यहाँको आर्थिक गतिविधि चलायमान हुने उनको भनाइ थियो । भारतीय पर्यटक भित्र्याउनेमा आफूहरु लागिरहेको भन्दै उनले राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा प्रचारमा लाग्नुपर्ने बताए ।

सोही समयमा बागमती प्रदेशले समेत भ्रमण वर्षको आयोजना गरेकाले यहाँको गतिविधिले समग्र प्रदेशलाई नै फाइदा पुग्ने उनको भनाइ छ । कार्यक्रममा भरतपुर महानगर प्रमुख रेनु दाहालले भ्रमण वर्षमा विदेशी पर्यटकलाई समेत भित्र्याएर ठप्प रहेको अर्थतन्त्र चलायमान बनाउन सहयोग पुग्ने बताए । पालिकास्तरमा पहिलोपटक भ्रमण वर्ष मनाउन लागेको भन्दै उनले कसरी हुन्छ पर्यटक भित्र्याउनेमा सबैलाई एकजुट भएर लाग्न आग्रह गरे । चितवन राष्ट्रिय निकुञ्ज घुम्न आउने पर्यटकलाई बाघ र गैँडा देखाएर मात्रै पठाउने गरी तयारी थालेको उनले बताए ।

ऐतिहासिकस्थल दियालो बङ्गला खुल्ला गरी हेर्ने वातावरणका लागि गृहकार्य भइरहेको भन्दै उनले ठोरी भन्सार नियमित सञ्चालन गरेर भारतीय पर्यटक भित्र्याउने विषयमा कुराकानी भइरहेको जानकारी दिए । महानगरले भ्रमण वर्ष मनाउँदै गर्दा प्रमुख सडक मर्मत गरिने भन्दै उनले राष्ट्रियस्तरका गतिविधिहरु भरतपुरमा केन्द्रित गर्न सबैलाई आग्रह गरे ।

महानगरका उपप्रमुख चित्रसेन अधिकारीले महानगरभित्र सातवटा मुख्यसहित ३० वटा गन्तव्य रहेको भन्दै भ्रमण वर्षको तयारी तीव्र रुपमा भइरहेको बताए ।

प्रदेश र सङ्घसँग समन्वय गरी भ्रमण वर्षलाई सफल बनाउन विभिन्न समिति बनाएर काम गरिएको उनको भनाइ थियो । महानगरका पर्यटनविज्ञ डा. विश्व सुवेदीले हालसम्म भएका गतिविधिका बारेमा जानकारी गराउँदै वार्षिक ३० हजार पर्यटक भित्रिने गरेको भरतपुरमा यो संख्या दुई लाख पुर्‍याइने बताए ।

विश्वका ५२ राष्ट्रमा भ्रमण वर्षका बारेमा जानकारी गराइएको उनको भनाइ थियो । कार्यक्रममा सहभागीहरुले भ्रमण वर्षलाई लक्षित गरी विभिन्न सुझावहरु दिनुभएको थियो । सन् २०२४ को जनवरीबाट डिसेम्बरसम्म विभिन्न कार्यक्रमको आयोजना गरी भ्रमण वर्ष मनाइँदै छ ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ । यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडा जस्ता पशुपन्छीहरू व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपंछीको खोर टाढा राख्ने ।

नेपाल सरकार विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ